# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपालको इतिहासमा लिम्वूवान अस्तित्वमा रहेको पाइन्छ। यो देश दश लिम्वूवान सत्र थुमको आधारमा सन्चालित थियो। दश लिम्वूवान भनेको अहिले परीकल्पना गर्न खोजिएको संघात्मक प्रणाली जस्तै संघीय प्रणाली हो। दशमा सात उपसंघ थपेर सत्रथुम वनाइएको हो। यसको प्रमुख केन्द्र सुरुमा पानथर हालको फिदीममा रहेको थियो। लिम्वूवान छैटौ देखि दशौं शताद्विसम्म उवाहाङ, मावोहाङ, सिरीजंगहाङहरुले एकछत्र शासन गरेको पाइन्छ।

त्यस्तै पन्ध्रौ सताद्विदेखि मोरङ राज्य शक्तिशाली राज्यहरुले पुन सम्पूर्ण लिम्वूवानलाई थुमीय आधारमा शासन गरेको देखिन्छ। त्यस वेलाका राजा साङलाईन थिए। उनले हिन्दु मत ग्रहण गरेको हुनाले विजय नारायण राई भए। राई भनेको तात्कालीन समयको राजाहरुले प्रयोग गर्ने समानार्थी शब्द थियो। त्यस्तै पुन सेन वंशी हुँदै वि .सं. १८२५ मा वुद्धकिर्ण खेवाहाङ विजयपुरका लिम्वू राजा थिए। तत्पाश्चात संघीय लिम्वूवान राज्यहरुको केन्द्र विजयपुर बन्यो।

वि.सं.१८३० तिर लिम्वूवानमा सत्र पटक गोर्खाका सेनाहरुले आक्रमण गरेका थिए तर लिम्वूवानका सेनाहरुले विफल तुल्याइ दिए। गोर्खाका सेनापति रघु रानालाई लिम्वूवानका वीर योद्धा काङसेरे लिम्वूले काटेर मारेका थिए। त्यस वेला सेनापति मात्र नभएर सम्पूर्ण सेनालाई समेत सोतर वनाएका थिए लिम्वूवानका सेनाहरुले। यस्तो अवस्था देखेर गोर्खाका राजाले लिम्वूवानलाई आफ्नो वनाउन भाइको रुपमा सम्झौता गरी स्वायत राज्य सन्चालन गर्न पाउने व्यवस्था गरीएको थियो।

त्यस पछि पनि लिम्वूहरुले लिम्वूवानमा आफ्नो शासन कायमै राखे। वि.सं.१८३१ भन्दा अगाडी छुट्टै राज्य थियो तर वि.स.१८३१ वाट गोर्खा राज्यको सहराज्यको रुपमा रहन पुग्यो।

शर्मा तथा शर्मा (२०६४) का अनुसार प्राचिन मानव सभ्यताको समयमा पनि सामाजिक विभेदिकरणको अस्तित्व रहेको थियो । व्यक्तिगत योग्यता, क्षमता, कार्य दक्षता, निपूर्णता, असक्षमता, विद्वता, शक्ति सम्पन्नता तथा विपन्नता, जातीयता, पेशा, व्यवसाय आदि विविध कारणले गर्दा समाजमा सामाजिक असमानताको खाडल र पहुँच दह्रो रूपमा रहेको पाइन्छ

सामाजिक विभेदिकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न दार्शनिक तथा समाजशास्त्रीहरूले आफ्ना विचार वा चिन्तनहरू प्रस्तुत गर्दै आएका छन् । त्यस समयका सामाजिक, राजनैतिक तथा आर्थिक परिवेशका आधारमासमाज सञ्चालनका लागि यस प्रकारका चिन्तनहरू तथा सिद्धान्तहरू प्रस्तुत हुँदै आएका छन् ।

ग्रिसेली प्रसिद्ध विद्वान प्लेटोले आदर्श राज्यको परिकल्पना गर्दै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने, कामको बाँडफाँड गर्ने तथा अनुशासन कायम गर्ने चिन्तन प्रस्तुत गरेकाछन् । प्लेटोका यी चिन्तनहरूबाटै सामाजिक विभेदिकरणको चिन्तन प्रादुर्भाव भएको हो । उनका चिन्तनमा अवसरको समानता, निजी सम्पत्तिको उन्मूलन र साझा कल्याणकारी समाजको निर्माण रहेको छ ।

शर्मा (२०६२) का अनुसार मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २६ मा लेखिएको छ : प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । प्रारम्भिक शिक्षा निःशुल्क र अनिवार्य  हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सर्वसुलभ हुनेछ र उच्च स्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ ।

मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ शिक्षाको प्रसार गरिने छ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूका

बीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराईने छ र शान्ति कायम गर्नका लागि संयुक्त राष्ट्रसंघका प्रयत्नहरूलाई बढाइने छ। छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमाबाबुलाई हुनेछ ।

काफ्ले, सिन्हा र श्रेष्ठ (२०६०) का अनुसार सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म "सबैका लागि शिक्षा" भन्ने घोषणापत्र जारी गऱ्यो। यस सम्मेलनले सुविधाजनक समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो। त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि साऱ्यो। सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिंल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले "सबैका लागि शिक्षा"मा पुन : प्रतिवद्धता जाहेर गऱ्यो।

त्यसै अनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् १०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेका मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन्।

नेपालमा मल्लकालिन राजा जयस्थिति मल्लले तात्कालिन सामाजिक परिवेशमा आमूल सुधार गर्ने नाममा कानुनी व्यवस्था कायम गर्ने हेतुले मानव न्याय धर्मशास्त्र सम्बन्धि विधान बनाउन भारतबाट रघुनाथ झा, किर्तिनाथ उपाध्याय, महिनाथ भट्ट आदि विद्वानहरू

झिकाई पाँच ब्राह्मणहरू रहेको आयोग गठन गरी वि.सं. १४३७ मा हिन्दू विधिशास्त्र बनाउन लगाए । यसमा जातको आधारमा पेशा किटान गरी आफ्नो जातको पेशा नगर्नेलाई दण्ड र अर्काको जातको पेशा गर्नेलाई अपराधीसरह दण्ड गर्ने, सानोजात ठानिएकाहरूको हातको पानी नचल्ने बनाई उनीहरूलाई तल्ला भएको घरमा बस्न र राम्रो लुगा लगाउन बञ्चित गरियो (वागचन्द, २०५९ ) ।

पृथ्वीनारायण शाह देखि राणाकाल सम्म (१७९९-१८३१) पहाडी भेगमा पानी नचल्ने तथा छुन नहुने शुद्र जस्तै : दमाई, कामी र सार्की, नेवारी समुदायका वलामी र कुश्ले तथा दक्षिण भेगका डोम, चमार आदिले जातीय नियम उल्लंघन गरे मृत्यु दण्ड दिइन्थ्यो । जातपात र छुवाछुत व्यवस्था सृष्टि गर्ने हिन्दू धर्मबादले आफ्ना मूल आधार ग्रन्थ वेद हुन् भने पनि वेद, उपनिषदमा हिन्दू शब्द उल्लेख भएको पाइँदैन ।

नेपाल सरकारले विद्यालय शिक्षाको क्षेत्रमा गरेको लगानीको अनुपात अन्य मुलुकको तुलनामा सानो छ । तर पनि नेपालमा विद्यालय शिक्षाको क्षेत्रमा जे जति लगानी भएको छ त्यो यहाँका अन्य क्षेत्रको तुलनामा भने बढी छ ।

आम नेपाली जनजीवनमा सकारात्मक परिवर्तनको धमिलो संकेतलाई दृष्टिगत गर्दा विद्यालय शिक्षामा जेजति लगानी भएको त्यो पनि त्यत्तिकै खेर गइरहेको जस्तो देखिन्छ । यस कुरालाई मध्यनजर गरी देशमा विद्यालय शिक्षामा हुनसक्ने लगानीबाट शिक्षाको गुणस्तर अधिकतम् गरेर नेपाली जनजीवन उकास्ने कुरामा आम शिक्षाकर्मीहरूको ध्यान जानु जरुरी छ (गौडेल तथा यादव, २०६४ ) ।

सन् १९९० मार्च ४-९ सम्म थाइल्याण्डमा भएको शिक्षामन्त्रीहरूको संम्लेननले सन् २००० सम्म “सबैका लागि शिक्षा” भन्ने घोषणापत्र जारी गऱ्यो । यस सम्मेलनले सुविधाजनक

समूहका साथै असुविधाजनक समूहहरू जस्तै महिला, दलित, जनजाति, पिछडिएको समूह, न्यून आर्थिकस्तर भएका बालबालिका, ग्रामीण एवम् विकट स्थानका शारीरिक एवम् मानसिक रूपमा कमजोर वर्ग आदि सबैलाई आधारभूत शिक्षा प्रदान गर्ने मुख्य उद्देश्य लिएको थियो ।

त्यसैअनुरूप नेपालले सन् २००० सम्ममा सबै प्राथमिक तह, उमेर समूहका बालबालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने भनेर औपचारिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम अगाडि सार्‍यो । सन् २००० सम्ममा उल्लेखनीयन उपलब्धी हासिल नभएपछि पुन : अप्रिल २६-२८ सन् २००० मा विश्व शिक्षामञ्चले “सबैका लागि शिक्षा”मा पुन : प्रतिवद्धता जाहेर गर्‍यो ।

त्यसै अनुरूप सन् २०००-२००५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको  तत्कालीन रणनीति, सन् २००५-२०१२ सम्म मध्यकालीन रणनीति र सन् २०१२-२०१५ लाई दीर्घकालीन रणनीति निर्धारण गरी सन् २०१५ सम्म विश्वका सबै मुलुकमा रहेका बालबालिकाहरू खासगरी पिछडिएका, सुविधाविहिन र द्वन्द्वमा रहेका बालबालिकाहरूलाई प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने प्रतिवद्धतास्वरूप हरेक मुलुकमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन भइरहेका छन् (काफ्ले , सिन्हा र श्रेष्ठ, २०६०) ।

छुवाछुतलाई कानूनद्वारा संरक्षण गर्ने कार्य राजेन्द्र विक्रम शाहको (वि.सं. १८७०-१९३७) पालामा शुरु भएको पाइन्छ । त्यस कालमा बनेका स्थिति बन्देजहरूमा अछुत जात भनी कामी, दमाई, सार्की र गाइनेलाई भनिएको छ ।

वि.सं. १९०३ को पञ्जापत्रबाट शासन हत्याएका जंगबहादुर राणाको पालामा गठित लेखपति र लोकपति झा आयोगद्वारा तैयार पारिएको मुलुकी ऐन १९१० मा मनुस्मृतिको

सहयोग लिएको पाइन्छ । जसमा छिटो हाल्नु पर्न्या, छिटो हाल्नु नपर्न्या र पानी नचल्न्याको, घटिबढि जातमा करणी गर्न्याको भनि घटिबढि जातका महलहरूको व्यवस्था थियो र सो बैधानिकता हालसम्म समाजमा जरा गाडेर बसेको छ (वागचन्द, २०५९) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ (१) मा "कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय र पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए बमोजिमको क्षतिपूर्ति पाउने छ" ।

त्यस्तै धारा १४ (२) मा "कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक, धार्मिक स्थलमा प्रवेश वा धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।" यसबाट के प्रष्ट हुन्छ भने छुवाछुत तथा जातीय भेदभाव कानुनी रूपमा अन्त्य भै सकेको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

आदिवासी जनजातिको सन्दर्भ उल्लेख गर्नुपर्दा २९ जुन २००६ मा राष्ट्रसंघीय मानव अधिकार परिषद्ले पारित गरेको घोषणापत्रमा व्यवस्थित गरिएको अधिकार प्राप्त जनजातिहरू पर्दछन् । हाल संसारका ७० भन्दा बढि मुलुकमा छरिएर रहेका आदिबासी जानजातिको संख्या ५० करोडभन्दा बढि रहेको अनुमान छ ।

संसारमा ५००० भन्दा बढि आदिवासी जनजातिहरूका समूह तथा उप-समूहहरू रहेका छन् । एसिया महादेशमा विश्वको ४५% जनसंख्या रहेको हुँदा यहाँ आदिबासी तथा जनजातिहरूको समूह र संख्या बढि नै रहेको छ । आदिबासी जनजातिको समूह मध्येको एक प्रमुख समूह वा जाति लिम्बु जाति भएको कुरा उल्लेख छ । चार जात छत्तिस बर्णको

फूलबारी भनि चिनिने नेपालमा भौगोलिक क्षेत्रको स्वरूपको आधारमा विभिन्न जातजातिका मानिसको बसोबास रहेको छ । यहाँ हालसम्म ५९ जनजातिहरू सूचीकृत छन् ।

मानवविकास प्रतिवेदन (ई.२००६) को अनुसार प्राचिन समाज र सभ्यता सँगसँगै देखा परेका शिक्षाका विविध स्वरूपहरू वर्तमान अवस्थासम्म पनि हाम्रो समाजमा विभेदीकरणको रूपमा रही रहेका छन् । नेपालमा पनि वर्गीय विभेद विद्यमान रहेको हुँदा शिक्षाका अवसरहरूमा एकरूपता छैन । यहाँको शैक्षिक उपलब्धीको कुरा गर्ने हो भने कक्षा ६ मा भर्ना भएका १०० जना मध्ये १५ जना मात्र एस्.एल्.सी. पास हुन्छन् । कक्षा ६ मा भर्ना भै एस्.एल्.सी.मा पुग्न औसत १२.२ वर्ष लाग्दछ । प्रा.वि.को सरदर क्षमतादर ४९% मात्र देखिनुले पनि न्यून शैक्षिक उपलब्धीको संकेत गरेको छ (मानव विकास प्रतिवेदन, २००६) ।

जनजातिको प्रा.वि. भर्नादर ५६% (स्रोतकेन्द्र अभिलेख) मात्र देखिनु पनि न्यून शैक्षिक उपलब्धीको संकेत हो । जनजातिको भर्ना ५६% मात्र देखिँदा जनजाति मध्येको एक जाति लिम्बुको शैक्षिक अवस्था अध्ययन गर्न सान्दर्भिक ठानीएकोले "लिम्बु जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता" विषय अध्ययनको लागि उठान गरिएको हो । तसर्थ अध्ययन क्षेत्रका लिम्बु विद्यार्थीहरूको शैक्षिक अवस्थाको अध्ययन गरी शैक्षिक अवस्था न्यून हुन वातावरणले कस्तो प्रभाव पार्दछ भन्ने तत्व पहिचान गरी निश्कर्ष निकालि आवश्यक सुझाव दिनु यो अध्ययनको लक्ष्य हो ।

## १.२ समस्याको कथन

नेपालमा युगौ देखि जरा गाडेर रहेको जातीय विभेद तथा असमान व्यवहार समाज विकासको अवरोधको रूपमा खडा भएको छ । देशको कूल जनसंख्याको ३.१% (रा.ज.ग.: २०६८) लिम्बुहरु रहेको भए तापनि उनीहरू आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक तथा स्वास्थ्य सम्बन्धि दृष्टिकोणले समेत पछि परेका छन् । शिक्षाबाट बञ्चीत ४०% मानिसहरू पनि मूलरूपमा दलितहरू र त्यसपछि जनजातिहरू पर्दछन् ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पिछडिएका समुदायमा शिक्षाको ज्योति पुऱ्याउन सम्बन्धित समुदायलाई संलग्न गराई अल्पावधि विद्यालयहरूको सञ्चालन गरिनु पर्दछ साथै पिछडिएका समुदायका केटाकेटीहरूलाई विद्यालय ल्याउन टिकाउन र निरन्तर शिक्षा प्रदान गर्न छात्रवृत्ति दिने प्रवन्ध गर्नु पर्छ भनेर सुझाव दिइएकोमा तुलनात्मक रूपमा सन्तोषजनक अवस्थाको सिर्जना हुन सकेन ।

मानवीय आवश्यकता मध्येको एक प्रमुख आवश्यकताको रूपमा मानिने शिक्षा सर्वसुलभ बनाउन नेपाल सरकारले प्रतिवद्धता जाहेर गरेको छ । "सबैको लागि शिक्षा" कार्यक्रमको माध्यमबाट पिछडिएको वर्ग, लिङ्ग, जाति आदिको लागि समेत समावेशी शिक्षाको कार्यक्रमहरू लागू भैरहेका छन् । साथै प्राथमिक तहको शिक्षा सबै वर्ग जाति, लिङ्ग र समुदायमा पुऱ्याउन खोजिएको छ ।

शिक्षा सम्बन्धी ल्याइएको विविध कार्यक्रम लागू गरिएता पनि प्राथमिक तहमा लिम्बु बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको छ । प्राथमिक तहमा अध्ययनरत लिम्बु बालबालिकाको शैक्षिक उपलब्धिमा के-कस्ता तत्वले प्रभाव पारेका छन् ?, शैक्षिक उपलब्धि सन्दर्भमा उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक पक्षहरू के-कति जिम्मेवार छन् ? भन्ने समस्याहरूलाई आधार मानी यस अध्ययनको मुख्य समस्याको कथनको रूपमा " बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता" लाई लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य भएजस्तै यो अध्ययनको पनि आफ्नै किसिमको गहनतम महत्व रहेको छ । यस अध्ययनले लिम्बु विद्यार्थीहरू साथै लिम्बु समुदायमा शिक्षाको अवस्थामा प्रभाव पार्ने तत्वहरूको बारेमा प्रष्ट हुनेछ । साथै लिम्बु विद्यार्थीहरूलाई शैक्षिक उपलब्धि बृद्धि गर्न शिक्षामा बढि भन्दा बढि सहभागिता गराउन शिक्षक, अभिभावक, समाज र विद्यार्थीहरूले वहन गर्नुपर्ने उत्तरदायित्वलाई समेत

स्पष्ट पार्नेछ । यस अध्ययनबाट लिम्बु विद्यार्थीको शैक्षिक अवस्था र उनीहरूको शैक्षिक अवस्था न्यून हुने तत्वहरू पत्ता लगाउन लिम्बु बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू सुझाउन मद्दत मिल्छ ।

लिम्बु समुदायको र विद्यार्थीको प्राथमिक स्तरमा समान पहुँच र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीति तथा योजना बनाउन र लिम्बुसँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई सहयोग पुग्नसक्ने देखिन्छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षा र लिम्बु जातिसँग प्रत्यक्ष वा परोक्ष रूपमा चासो राख्ने शिक्षक, विद्यार्थी, समाज, विषयविद, शिक्षाविद्, सरकारी तथा गैरसरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूलाई नीति नियम कार्यान्वयन र निर्णय गर्नका लागि समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ । झापा जिल्लाको सन्दर्भमा प्राथमिक तहमा अध्ययन गर्ने आदिवासी जनजाति लिम्बु बालबालिकाहरुको शैक्षिक सहभागिता शीर्षकमा हालसम्म अनुसन्धान भएको नपाइएकोले यो अध्ययन गरिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्न उद्देश्यहरू राखिएको छ :

(१) प्राथमिक तहमा अध्ययनरत लिम्बु जातिका बालबालिकाको शैक्षिक अवस्था पत्ता लगाउनु,

(२) प्राथमिक तहका लिम्बु जातिका बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु,

(३) प्राथमिक तहका लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक सहभागिता वृद्धि गर्न चालिएका कदमहरु विश्लेषण गर्नु,

(४) प्राथमिक तहमा लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक सहभागिता बृद्धि गर्ने उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

उपर्युक्त उद्देश्यहरूको प्राप्तिको लागि निम्न अनुसन्धानात्मक प्रश्नलाई आधार लिइएको छ :

(१) लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक अवस्था कस्तो छ ?

(२) लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु के-के छन् ?

(३) लिम्बु जातिका बालबालिकाहरुको सहभागिता बृद्धि गर्न विभिन्न निकायबाट के-कस्ता कदम चालिएका छन् ?

(४) लिम्बु बालबालिकाहरुको शैक्षिक सहभागिता बृद्धि गर्न के-कस्ता उपायहरु छन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको निश्चित सीमा रहन्छ । यस अध्ययनमा पनि अनुसन्धान कर्ताको सीमीत स्रोत, साधन र समयका कारण निम्नानुसार परिसिमित गरिएको छ ।

यस विषयको अध्ययनको लागि झापा जिल्लाको मेचीनगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू मध्ये लिम्बुहरूको बाहुल्यता रहेका तीनवटा विद्यालयहरूका प्रा.वि. तह (कक्षा १-५)लाई मात्र लिएको छ । साथै लिम्बु विद्यार्थीहरूको शैक्षिक सत्र २०७३ सालको तथ्याङ्कलाई लिम्बु बाहेक अन्य जातिका विद्यार्थीसँग तुलना गरि विश्लेषण गरिएको छ । लिम्बु विद्यार्थीहरूको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरूको खोजी गर्ने र शैक्षिक सहभागिता बृद्धिगर्ने उपायहरूको खोजी गर्ने कुरामा जोड दिइको छ । विद्यालयमा अध्ययनरत लिम्बु विद्यार्थी, शिक्षक, अभिभावकहरूमा यो अध्ययनलाई सिमित गरियो । यस अध्ययनको निकर्षलाई सर्वव्यापी रुपमा सामान्यीकरण गर्न सकिदैन ।

## १.७ सान्दर्भिक पदावलिको परिभाषा

यस अध्ययनमा प्रयोगमा आएका विभिन्न शब्दावलीले निम्न अर्थ बुझाउने छन् :

लिम्बु : नेपाल सरकारले आदिवासी जनजाति भनेर सूचिकृत गरेको ५९ जातिहरु मध्ये एक किराँत आदिवासी जनजाति ।

गैर लिम्बु : अध्ययन क्षेत्रका लिम्बु बाहेकका अन्य जातिहरू ।

शैक्षिक उपलब्धि : वार्षिक परीक्षामा प्राप्त शैक्षिक उपलब्धि ।

स्रोतकेन्द्र : स्रोतकेन्द्र भन्नाले धेरै ओटा विद्यालयहरुको केन्द्रमा पर्ने गरि ती विद्यालयहरुको शैक्षिक सुपरवेक्षण र समन्वय गर्न स्थापना गरिएको केन्द्र लाई जनाउँछ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि समस्याको समाधान गर्न गरिने अध्ययनको लागि त्यस विषय वा समस्यासँग मेल खाने सिद्धान्त, सम्बन्धित साहित्य, लेखरचना तथा अनुसन्धान प्रतिवेदनहरूको पुनरावलोकन गर्नुपर्दछ । यसले समस्या समाधानका लागि के-कस्ता विकल्पको खोजी भइरहेको छ भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययनलाई केन्द्रित बनाउने अवसर प्रदान गर्दछ । एउटै विषय वा समस्यामा खोजीकार्य दोहोरिन नदिइ नयाँ नयाँ विषयमा खोज अनुसन्धान गर्नका लागि शोधकर्ताले सम्बन्धित सिद्धान्त तथा पूर्वसाहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान कार्यलाई पूर्णता दिनको लागि अध्ययन विषय वा सो सँग मिल्दाजुल्दा विषयहरूमा हालसम्म भए गरेका कार्यहरू, सम्बन्धित व्यक्तिका लेख, रचना, सोधकार्य, कार्यपत्र आदि प्रकाशित तथा अप्रकाशित कृतिहरूको पुनरावलोकन गर्नु जरुरी हुन्छ । यसबाट अध्ययन कार्यमा हालसम्म भएका प्रयासहरूबारे तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउन र निष्कर्षमा पुग्न सहयोग पुग्दछ । यहाँ नेपालको सन्दर्भमा र अध्ययन गर्ने विषयका प्रकृतिसँग मिल्ने खालका हालसम्म भएका विभिन्न प्रयासहरूबारे चर्चा गरिन्छ ।

ढकाल (२०६६) ले घरपरिवारको गरिबी, जातिगत अन्धविश्वास, अशिक्षित र निरक्षर अभिभावक, पारिवारिक जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता, माथिल्लो जातिबाट हुने हेलाले गर्दा कुमाल बालबालिकाको विद्यालय सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनका अनुसार कुमाल बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन कुमाल जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउनुपर्ने खालका कार्यक्रम संचालन गर्नुपर्ने, कुमाल विद्यार्थीको सम्पूर्ण खर्च धानिन सक्ने गरी अनिवार्य छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, घरदैलो अभियान संचालन गरी उनीहरूका बालबालिकालाई विद्यालयमा सहभागि गराउन

उत्प्रेरित गर्नुपर्ने, विद्यालयमा अभिभावक संम्मेलन गरी अभिभावकहरूसँग अन्तर्क्रिया गर्नुपर्ने, सानो प्रगति गर्दा पनि पुरस्कार दिएर प्रोत्साहित गर्नुपर्ने आदि उपाय प्रस्तुत गरेका छन् ।

कर्ण ( २०६८) ले गरेको अध्ययनमा माध्यमिक शिक्षामा बालबालिकाको सहभागिताको अवस्था पत्ता लगाउन उनहरुको भर्ना, कक्षा छोड्ने अवस्था, कक्षा दोहोऱ्याउने अवस्थाको विश्लेषणबाट अध्ययन क्षेत्रका बालबालिकाहरुको सामुदायिक मध्यमिक शिक्षामा सहभागितामा ह्रासलाई सुधार गर्न यथेष्ट बजेटको व्यवस्था गर्नुपर्ने निति, निर्माण तहले देशमा एकै किसिमको शिक्षा नीति निर्माण गर्नुपर्ने, जि.शि.का. तथा सम्बद्ध निकायले पठनपाठनको नियमित अनुगमन तथा निरिक्षण गर्नुपर्ने, विद्यालयले शैक्षिक चेतना अभिबृद्धि मूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने शिक्षण सिकाईको माध्यम अंग्रेजी बनाउनु पर्ने, कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालनको प्रबन्ध मिलाउनु पर्ने जस्ता सुझावहरु दिएका छन् ।

गणेश (२०६९) ले गरेको  अध्ययनमा  माझी विद्यार्थीहरुमाशैक्षिक समस्याको प्रमुख कारणको रुपमा अभिभावकको आर्थिक कठिनाई अर्थात ७५ प्रतिशित माझीहरु मजदुरी गर्ने देखिएको छ भने ६६ प्रतिशत अभिभावकहरु निराक्षर भएको हुनाले घरायसी शैक्षिक वातावरण तथा शैक्षिक जनचेतनाको कमी देखिन्छ । यो समस्या समाधान गर्न विशेष आर्थिक प्याकेजका कार्यक्रम, शैक्षिक छात्रवृत्ति, अभिभावक शिक्षा, भर्ना अभियान, आदि कार्यक्रम चलाउनु पर्ने तथा नीति निर्माण तर्फ सरकारले, घरको वातावरण अभिभावकले, विद्यालयको वातावरणमा सहभागिता बढाउन शैक्षिक निकायका जिम्मेवार प्यक्तिहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने सिफारिस गरेका छन् ।

दाहाल (२०६९) ले गरेको अध्ययनमा पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागितामा न्युन हुनुमा देखिएका मुख्य समस्याहरु शैक्षिक पेशामा न्युन संलग्नता, सकरात्मक शैक्षिक

दृश्टिकोणको अभाव, कमजोर आर्थिक अवस्था, परिवारको आकार, बालमैत्री वातावरणको अभाव आदि रहेका र यी समस्याहरु समाधान गर्न नीतिगत पक्षदेखि नै सुधार गर्नुपर्ने देखिन्छ । जसका लागि गरिबी न्युनीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुपर्ने तथा विद्यालयमा हुने भेदभाव अन्त्य गर्नुपर्ने सुझाव, बालमैत्री कक्षा सञ्चालन गर्नुपर्ने सुझाव प्रस्तुत गरेका छन् ।

भट्टराई (२०६६) ले गरेको अध्ययनमा अभिभावकहरू कृषि पेशामा संम्लग्न भएकाले घरयासी कामकाजमा छोराछोरी संम्लग्न हुनुपर्ने, आर्थिक, सामाजिक, भाषिक कठिनाई आदि कारणले विद्यालयमा लिम्बु बालबालिकाहरूको सहभागिता कम रहेको पत्ता लगाएका छन् । उनले विद्यालयमा लिम्बु जातिका बालबालिकाको शैक्षिक सहभागिता वृद्धि गराउन विद्यालयले छात्रवृत्ति, पोशाक, खाजाको सुविधा जस्ता प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने, समुदायमा पनि शैक्षिक जागरण फैलाउनुपर्ने, चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने उपाय प्रस्तुत गरेका छन् ।

अधिकारी ( २०७२) ले झापा जिल्लाको ५ ओटा सामुदायिक विद्यालयहरुमा गरेको अध्ययन अनुसार प्राथमिक शिक्षामा मेचे जातिका बालबालिकाहरुको सहभागिता सन्दर्भमा छात्रवृत्ति वितरण र शिक्षण सिकाई क्रियाकलाप राम्रो भए तापनि प्रत्येक शैक्षिक सत्रमा भर्नादर घट्दै गएको, कक्षा छाड्ने दर र दोहोऱ्याउने दर स्थिर रहेको निष्कर्ष निकालिएको छ । निष्कर्ष अनुसार प्राथमिक शिक्षामा बालबालिकाको सहभागितालाई प्रभाव पार्ने तत्वहरुमा कमजोर आर्थिक अवस्था, जनचेतनाको कमी, पारिवारिक पृष्ठभूमि, भाषागत समस्या, शैक्षिक र भौतिक सुविधाको अभाव पाइयो । शोधकर्ताले प्राथमिक शिक्षामा मेचे बालबालिकाको शैक्षिक सहभागिता बृद्धि गर्नका लागि यस समुदायको आयमुलक तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, सरकारी तथा गैरसरकारी संस्थामार्फत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरता शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने, मातृभाषा पठनपाठनको व्यवस्था गर्नुपर्ने, सरोकारवालासँग अर्न्तक्रिया गर्नुपर्ने, व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने, खाजा र अन्य सुविधा व्यवस्था गर्नुपर्ने सुझावहरु दिएका छन् ।

शैक्षिक उपलब्धीदर वृद्धि गर्न विभिन्न क्षेत्र र समय समयमा भए गरेका प्रयासहरूबाट पनि अध्ययन क्षेत्रको लिम्बु विद्यार्थीहरूको शैक्षिक अवस्था सुध्रन नसकेको परिप्रेक्षयमा प्राथमिक तहको लिम्बु बालबालिकाको शैक्षिक अवस्था" विषयक शीर्षक छनोट गरी अध्ययन कार्य गरिन लागेको हो । हाल सम्मका खोज अनुसन्धान तथा अन्य प्रयाशहरूमा पनि मेचीनगर नगरपालिका अन्तर्गतका लिम्बु विद्यार्थीहरूको शैक्षिक अवस्थाबारे खोजी गर्ने प्रयास नभएको हुँदा नै यस विषयमा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकालेर सुझाव पेश गर्नु नै यो अध्ययनको प्रमुख केन्द्रविन्दु हो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनको लागि कार्ल मार्क्सको वर्ग संघर्षको सिद्धान्त र इमाइल दुर्खाइमको सामाजिक वर्ग र शिक्षा शिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

मार्क्सको धारणामा सम्पूर्ण पक्षहरूमा र सिङ्गो सामाजिक व्यवस्थाको रूपमा परिवर्तन ल्याउने आधार वर्गसंघर्ष हो । वर्गसंघर्षको सिद्धान्त अनुसार समाजमा विभिन्न वर्गहरू रहेका हुन्छन् । समाजका यी परश्पर विरोधी वर्गहरूका बीचमा आफ्नो-आफ्नो स्वार्थलाई लिएर सामाजिक संघर्षको स्थिति उत्पन्न हुन्छ (शर्मा, २०६२ बाट उद्धृत) ।

यस अन्तर्गत शोषित वर्ग वा मजदुर वर्ग वा श्रमिक वर्ग र पुँजीपति, सामन्ती वा शोषक वर्गहरूबीच उत्पादन प्रक्रिया, उत्पादनको वितरण वा उत्पादनको उपभोगको सम्बन्धमा र उत्पादनका साधनहरूको स्वामित्वका सम्बन्धमा वर्गीय आधारमा सधैँ सामाजिक द्वन्द्व हुने गर्छ । पुँजीपति वर्गले सधैँ श्रमको शोषण गर्ने र वस्तुको अतिरिक्त मूल्यलाई श्रमिकहरूबाट अलग गरी आफूले मात्र उपभोग गर्ने गर्दछन् । यसले गर्दा श्रमजीवी वर्ग प्रभावित हुन्छ ( शर्मा, २०६२ बाट उद्‌धृत) ।

यस प्रभावले श्रमिक वर्गमा चेतना विकास, संगठनको विकास हुँदै वर्गीय संघर्ष चर्कन्छ। यस प्रकार उत्पन्न भएको दुई वर्गबीचको संघर्ष क्रान्तिकारी र रक्तपातपूर्ण बन्न जान्छ। यसबाट सामाजिक सम्बन्ध, व्यवहार, उत्पादन प्रणाली तथा उत्पादनका साधनहरूमाथिको स्वामित्वमा परिवर्तन हुँदै सिङ्गो सामाजिक संरचनामा परिवर्तन आउँछ अर्थात् जब उत्पादनको तरीका, मान्यता र प्रक्रियामा परिवर्तन आउँछ तब सामाजिक संरचना भित्रका अन्य एकाई र उपएकाईहरूको कार्य प्रणालीमा परिवर्तन आउँछ यो नै संघर्षको सिद्धान्तअनुसारको परिवर्तन हो।

यस सिद्धान्तअनुसार समाजमा शोषकका विरुद्ध शोषित, बलियाका विरुद्ध कमजोर वर्गबीच द्वन्द्व भइरहन्छ। द्वन्द्व एक स्वभाविक र सामान्य प्रक्रिया हो। समाजमा व्याप्त गरिबी, असन्तुलित अवस्था, बेरोजगार, कम उत्पादन, पुँजीको एकीकरण, शोषण आदिका कारण वर्गहरूको आपसी स्वार्थ पूरा गर्न संगठित र एकताबद्ध रूपको गुणात्मक पक्षमा वृद्धि हुन्छ। संसारमा पुँजीपति वर्ग न्यून हुन्छन् र सर्वहारा वर्गको संख्यात्मक गुणात्मक वृद्धि हुन्छ। यसले रक्तपातपूर्ण स्थिति पैदा गर्दछ र समाजवाद हुँदै साम्यवादमा फड्को मार्दछ। साम्यवाद भनेको वर्गविहिन अन्तर्राष्ट्रियवादको निर्माण हो। यस अवस्थामा समाजका सामाजिक प्रचलन मान्यता व्यवहार, सम्बन्ध तथा सिङ्गो उत्पादन प्रणालीमा परिवर्तन आउँछ र नयाँ सामाजिक सम्बन्धको स्थापना हुन्छ।

मार्क्सले भनेझैँ सामाजिक परिवर्तनका प्रक्रियाबाट हुने परिवर्तन होस् या त दुई वर्गबीचको द्वन्द्वबाट हुने परिवर्तन होस् लिम्बु जाति पनि यस प्रक्रियाभन्दा फरक रहेको छैन। यस अर्थमा मार्क्सको विश्लेषणअनुसार लिम्बु बालबालिकाहरूको आर्थिक स्थितिको कारणले उनीहरूको अध्ययनलाई पार्ने प्रभावबारे यो अध्ययनले विश्लेषण गर्ने प्रयास गरेको छ।

दुर्खाइमको धारणामा शिक्षा एक सामाजिक वस्तु हो शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्ना आदर्शका रूपमा ग्रहण गर्दछ। शिक्षाले समाजको विकासमा निरन्तर योगदान पुर्‍याउँछ। समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछ र शिक्षाले सामाजिक आवश्यकताहरूको पूर्ति गर्दछ। उनको विचारमा शिक्षा समाजबाट अलग र समाज

शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिहरूमा साझा गुणहरू विद्यमान हुन्छन् । यस्ता साझा गुणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामुहिक संस्थाका रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्यकताहरू पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन । समाजको रूचि, माग, आदर्श, मूल्य र संस्कारसँगै शिक्षा अघि बढ्दछ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव हुन्छ । समाजको सामुहिकपन, सामुहिक चेतना र सामुहिक प्रतिनिधित्वजस्ता सिद्धान्तहरूको प्रतिपादन गरी दुर्खाइमले शिक्षाका समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए (आचार्य, २०६२ बाट उद्धृत ) ।

दुर्खाइमका अनुसार जसरी व्यक्ति क्रियाकलापहरूको सञ्चालनका लागि क्रियाशील हुनुपर्दछ त्यसरी नै सामाजिक क्रियाकलाप सञ्चालनका लागि समाजको प्रणाली क्रियाशील हुनुपर्दछ । समाजमा जीवित र क्रियाशील रहनका लागि सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरू प्रणालीका रूपमा चल्नु पर्दछ । सबै समाजको वातावरण एकै प्रकारको नहुन सक्छ ।

एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागू नहुन सक्छ । अतः अलग-अलग समाज, जुन समाज जुन प्रणालीमा सञ्चालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरूको व्याख्या र विश्लेषण गरिनुपर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तहरूमा उल्लेख गरेका छन् ।

उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरूपहरू हुन्छन् त्यति नै शिक्षाका प्रकार हुन्छन् भन्दै समाजमा भइरहने परिवर्तनअनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन  भइरहनुपर्दछ र समाजको प्रत्येक अंशले सिर्जना गरेका आदर्शहरूलाई अर्थ दिन र संरक्षण गर्ने काम शिक्षाले गर्नुपर्छ भनेका छन् । उनी भन्छन् : सामाजिक ऐक्येवद्धता खोजेका विद्यालयबाटै जातिय छुवाछुत, भाषिक थिचोमिचो, संस्कारको दबदबा र धनको दबदबा स्वीकार्ने संस्कार ब्यूँताइदिन्छ दुर्खाइमको  यस सिद्धान्तलाई मनन गर्दा नेपालमा खस भाषा र हिन्दू संस्कृतिको दबदबाले आफ्नो छुट्टै भाषा र संस्कृति भएको लिम्बु

विद्यार्थीहरूको सिकाइ उपलब्धीमा बाधा पर्न गएको छ । यसले गर्दा उनीहरूले राम्रोसँग सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर भन्ने अवधारणा सही रूपमा लागू हुन सकेको छैन ।

माथि उल्लेखित मार्क्स (सन् १९४८) को दृष्टिकोण र  दुर्खाइम (सन् १८५८) को दृष्टिकोणले प्राथमिक तहमा अध्ययनरत लिम्बूजातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता अध्ययन गर्न मद्दत पुऱ्याउने हुनाले यो अध्ययनलाई तिनीहरूकै सोंचसँग गाँसिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

अध्ययन गरिएका सम्बन्धित साहित्य र सिद्धान्तहरूको अध्ययनलाई मार्ग दर्शन गर्ने काम गरेको छ । अध्ययनलाई निश्चित सिद्धान्तमा रहेर अगाडी बढ्न सहयोग पुऱ्याएको छ । अध्ययनलाई उद्देश्यमुखी बनाई विषयन्तर हुनबाट जोगाउने काम गरेको छ । शोधलाई निश्चित विषयवस्तुमा रहेर निश्चित संरचना तयार गर्न मद्दत पुऱ्याएको छ ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूजस्तै विद्यालयका गतिविधिहरू, पारिवारिक अवस्थाहरू, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तत्वहरूले प्रभाव पारेको हुन्छ । बालबालिकाको सर्वाङ्गिण विकास गराउनको लागि विभिन्न तत्वहरूसँग सामन्जस्य गराई शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्न सकेमा निश्चित रूपले आशा अनुरूपको सिकाइ उपलब्धि प्राप्त हुन्छ । उक्त शैक्षिक तथा सैद्धान्तिक खाकाबाट शोधकर्तालाई सहयोग प्राप्त हुन पुगेको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक र परिमाणात्मक दुबै अनुसन्धान ढाँचामा सम्पन्न गरिएको छ। शैक्षिक अवस्था सम्बन्धी तथ्याङ्कहरुलाई परिमाणात्मक रुपमा अध्ययन गरिएको छ भने सहभागिता सम्बन्धी सुचना र जानकारीहरुलाई गुणात्मक रुपमा अध्ययन गरिएको छ।

## ३.२ जनसंख्या र नमुना छनोट

### ३.२.१ जनसंख्या

प्रस्तुत अध्ययनका लागि झापा जिल्लाका १६ ओटा स्रोत केन्द्र मध्ये काँकरभिट्टा स्रोतकेन्द्रका स्रोतव्यक्ति, काँकरभिट्टा स्रोतकेन्द्र अन्तरगत सञ्चालित २३ ओटा सामुदायिक विद्यालयहरु, तिनका प्रधानाध्यापकहरु, तिनमा कार्यरत शिक्षकहरु, उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु, ती विद्यार्थीका अभिभावकहरु तथा सम्बन्धित क्षेत्र हेर्ने जिल्ला शिक्षा कार्यालय झापाका विद्यालय निरीक्षक समेतलाई जनसंख्याको रुपमा लिइएको छ।

### ३.२.२ नमुनाको आकार

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये तीनवटा सामुदायिक विद्यालयहरुलाई उद्धेश्यमुलक नमुना छनौट विधिद्वारा नमुनाको रुपमा लिई अध्ययन अगाडि बढाइएको छ। अध्ययनक्षेत्रसँग सम्बन्धित विद्यालय निरीक्षक १ जना, अध्ययनक्षेत्र रहेको स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जना, नमुना छनोटमा परेका विद्यालयमा कार्यरत प्रधानाध्यापकहरु ३ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु ३ जना, शिक्षक अभिभावक संघका अधयक्षहरु ३ जना, कार्यरत शिक्षकहरुमध्ये प्रत्येक विद्यालयबाट

२ जनाको दरले ६ जना, प्रत्येक विद्यालयबाट ४ जनाका दरले अभिभावकहरु १२ जनालाई उद्धेश्यमुलक नमुना छनौट विविध मार्फत नमुनाको रुपमा छनोट गरिएको छ । छनोटमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थी मध्येबाट प्रत्येक विद्यालयबाट ४ जनाको दरले १२ जना विद्यार्थी छनोट गरिएको छ । नमुनामा परेका विद्यालयका शिक्षक, अध्ययनरत विद्यार्थी र तिनका अभिभावकहरु सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । त्यसरी नै विद्यालय निरीक्षक र स्रोतव्यक्ति उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

### ३.२.३ नमुना छनोटको आधार

प्रस्तुत अध्ययन स्नातकोत्तर तहको आवश्यकता परिपूर्तिका लागि अनुसन्धानकर्ताले सीमित साधन, स्रोत र समयका बीचमा सम्पन्न गर्नुपर्ने भएकाले यसका लागि नमुनाको छनोट गर्दा भौगोलिक परिवेश, यातायात, सुगमताको अवस्था, आफ्नो कार्यक्षेत्रस्थल, समावेशिता, तथ्याङ्क प्राप्तिको विश्वसनीयता र वैधता समेतलाई आधार लिइएको छ ।

### ३.२.४ नमुना छनोट विधि

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये तीनवटा सामुदायिक विद्यालयहरुलाई उद्देश्यमुलक नमुना छनोट विधिबाट छनोट गरिएको छ भने छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु तथा शिक्षक अभिभावक संघका अध्यक्षहरु उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरु

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका तीनवटा विद्यालयहरुमा प्राथमिक तहको  लिम्बु बालबालिकाहरुका शैक्षिक अवस्था अध्ययन गर्न आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि देहायका अनुसन्धान साधनहरु उपयोग गरिएको छ ।

### ३.३.१ खुल्ला तथा बन्द प्रश्नावली

प्राथमिक तहको लिम्बु बालबालिकाहरुको शैक्षिक अवस्था बारेमा आवश्यक जानकारी प्राप्त गर्नका लागि खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरी विद्यालय निरीक्षक, स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक बीचमा छुट्टाछुट्टै प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२ अवलोकन

नमुना छनोटमा परेका विद्यालयहरुको अवलोकन भ्रमण गरी विविध पक्षहरुको बारेमा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.३ अन्तरवार्ता

लिम्बु बालबालिका तथा तिनका अभिभावकहरुसँग छुट्टाछुट्टै अन्तरवार्ता सञ्चालन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिनेछ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

प्रस्तुत अध्ययन अनुसन्धानमा निम्नानुसारका प्राथमिक र द्वितीय दुवै स्रोतका तथ्याङ्कहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अन्तर्गत झापा जिल्लाका नमुना छनोटमा परेका विद्यालयहरुबाट छनोट गरिएको जनसंख्यासँग छलफल, अवलोकन, अर्न्तवार्ता र प्रश्नावली जस्ता साधनहरु प्रयोग गरी सुचना तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

प्राथमिक तहको लिम्बु बालबालिकाहरुको शैक्षिक अवस्थासँग सम्बन्धित विद्यालयका अभिलेखहरु, पुस्तकहरु, पत्रपत्रिका, शोधपत्रहरुको अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रकृया

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा सर्वप्रथम छनोटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण गरी उक्त विद्यालयका प्रधानाध्यापकहरुसँग आवश्यक कुराकानी गरिएको छ । प्रधानाध्यापकलाई शोधको उद्देश्य तथा विधिका सम्बन्धमा प्रष्ट पारिसकेपछि प्रश्नावली भरिदिन आग्रह गरियो । यसका साथै विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई भेट्न र प्रश्नावली मार्फत जानकारी माग गर्न अनुमति लिने कार्य गरियो । प्रधानाध्यापकको अनुमति पछि शिक्षकहरुसँग भेट गरी शोधको उद्देश्य, विधि र प्रकृयाका बारेमा कुराकानी गरी प्रश्नावली मार्फत आवश्यक जानकारी प्रदान गरिदिन आग्रह गरी प्रश्नावली फारम दिने कार्य गरिएको छ । त्यसपछि विद्यार्थीहरुसँग भेटघाट र छलफलद्वारा शोध अध्ययनको बारेमा प्रष्ट पारी प्रनावली भरिदिन अनुरोध गरी प्रश्नावली वितरण गरिएको छ । यसरी प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई भराइएका प्रश्नावलीहरु सङ्कलन गरिएको छ । प्रश्नावली सङ्कलन गरिसके पछि विद्यार्थीहरुसँग सामूहिक रुपमा समुदायद्वारा व्यवस्थापन भएका सामुदायिक विद्यालयको लिम्बु विद्यार्थीहरुको सम्बन्धमा आवश्यक छलफल समेत सञ्चालन गरिएको छ ।

विद्यालयमा प्रश्नावली भराइसकेपछि उक्त विद्यालयमा बालबालिका पठाउने अभिभावकहरु बारे प्रधानाध्यापकबाट जानकारी हासिल गरी अभिभावकहरुलाई व्यक्तिगत रुपमा भेटेर शोध अध्ययनको विषयवस्तु तथा उद्देश्य बारे प्रष्ट पारी यस विषयमा आयोजना गरिने अन्तरक्रियामा उपस्थित भइदिन आग्रह गरियो र एउटा विद्यालयका अभिभावकहरुलाई एक स्थानमा भेला गराई अन्तरक्रिया सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यालयमा लिम्बु बालबालिका तथा गैर लिम्बु बालबालिकाहरुको अवस्थाबारे छलफल गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रकृया

प्राथमिक र द्वितीयक दुवै स्रोतहरुको उपयोग गरी सङ्कलन गरिएका सुचना तथा तथ्याङ्कहरुलाई गुणात्मक एवं परिमाणात्मक दुवै विधिहरुको आवश्यकता अनुसार प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र अभिभावकहरुबाट प्राप्त विचारजन्य तथ्याङ्कलाई गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । संख्यात्मक मानमा प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत तथा औसतको माध्यमबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

यस अध्ययनको उद्देश्य अनुसार नमुना पूरा छनौटमा परेका मेचीनगर नगरपालिकाको ३ वटा विद्यालयका प्र.अ., स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षहरूबाट प्रश्नावली, अवलोकन र अन्तरवार्ताको माध्यमबाट संकलित तथ्याङ्क र जानकारीलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या र विश्लेषण गरिएको छ :

## ४.१ प्राथमिक तहमा लिम्बु जातिका बालबालिकाको शैक्षिक अवस्था

अध्ययन क्षेत्रमा परेका लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक सहभागिता अन्तर्गत शैक्षिक अवस्था सम्बन्धी अध्ययन गर्न विद्यार्थी भर्ना विवरण, उत्तिर्ण विवरण, विद्यालय छाड्ने दरलाई विश्लेषण र व्याख्या गरी निष्कर्ष निकालिएको छ। यस किसिमको तथ्या□बाट प्राथमिक तहमा लिम्बु जातिका बालबालिकाहरुको वर्तमान शैक्षिक अवस्था पहिचान गर्न सघाउ पुग्दछ। संकलित तथ्याङ्कलाई लिम्बु जातिका बालबालिका र अन्य जातिका बालबालिका बीच तुलनात्मक रुपमा विश्लेषण गरिएको छ।

### ४.१.१ छनौटमा परेका विद्यालयका विद्यार्थी विवरण

मेचीनगर नगरपालिका अन्र्तगत रहेका २३ वटा सामुदायिक विद्यालयहरूमध्ये उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा ३ वटा विद्यालयहरूलाई अध्ययनका लागि छनौट गरिएको छ। यहाँ छनौट गरिएका सामुदायिक विद्यालयहरूको शैक्षिक सत्र २०७३ को विवरण तालिका १ मा प्रस्तुत गरिएको छ। (अनुसूची १०)

तालिका १ अध्ययन गर्दा मेचीनगर नगरपालिकामा रहेका २३ वटा सामुदायिक विद्यालयहरु मध्ये छनौटमा परेका ३ वटा विद्यालयको प्रा.वि. तहमा जम्मा ४७० जना

विद्यार्थी मध्ये लिम्बु विद्यार्थी ७७ जना (१६.३८%) रहेका छन् । भने गैर लिम्बुको संख्या ३९३ अथवा (८३.६२%) रहेको छ । छात्रा सहभागिताको कुरा गर्दा लिम्बु छात्रा २८ जना ( ५.९३%) र गैर लिम्बु छात्रा १८५ जना (३९.३७%) तथा छात्रहरूमा लिम्बु छात्र ४९ जना ( १०.४३%) र गैर लिम्बु छात्र २०८ जना (४४.२५%) रहेको छ

**तालिका २ लिम्बु तथा गैह्रलिम्बु बालबालिकाहरुको भर्ना विवरण**

| क्र.सं. | विद्यालयको नाम | लिम्बु विद्यार्थी | | | गैर लिम्बु विद्यार्थी | | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १. | आदर्श मा.वि. | ११ | २५ | ३६ | ७४ | ८६ | १६० | १९६ |
| २. | कविशिरोमणि मा.वि | १० | १४ | २४ | ६६ | ७२ | १३८ | १६२ |
| ३. | हरि नि.मा.वि. | ७ | १० | १७ | ४५ | ५० | ९५ | ११२ |
| | जम्मा | २८ | ४९ | ७७ | १८५ | २०८ | ३९३ | ४७० |
| | प्रतिशत | ५.९६ | १०.४३ | १६.३८ | ३९.३७ | ४४.२५ | ८३.६२ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

यस प्रकार प्रस्तुत तथ्याङ्कले के देखाउँछ भने मेचीनगर नगरपालिकामा लिम्बुको तुलनामा गैरलिम्बु विद्यार्थीको संख्या बढी छ ।

अर्कोतर्फ छात्रको तुलनामा छात्राको संख्या न्यून रहेको देखिन्छ । केही लिम्बुहरू अर्थिक रूपमा कमजोर रहेका छन् । उनीहरू भोको पेट र नाङ्गो आङ लिएर विद्यालय जान सक्दैनन् । केही लिम्बुहरूमा छोरीलाई पढाउनु पर्दछ भन्ने चेतना पनि कमी छ । यसरी मार्क्सका अनुसार आर्थिक कारण र दुर्खाइमका अनुसार चेतनाको कारण विद्यालयहरूमा छात्रको तुलनामा छात्राहरूको संख्या कमी रहेको छ ।

## ४.१.२ लिम्बु जातिका बालबालिकाहरु उत्तिर्ण दर

यस अध्ययन अन्तर्गत नमुना छनौटमा परेका विद्यालयहरुमा विद्यालयमा भर्ना भएका लिम्बु र गैरलिम्बु विद्यार्थीहरू सबै उत्तीर्ण भएको पाइएन । तर अहिले आएर निरन्तर मूल्याङ्कन प्रणाली अनुसार भर्ना भएका सत प्रतिशत विद्यार्थी माथिल्लो कक्षामा कक्षोन्नती हुनु पर्ने मान्यता भएता पनि अध्ययनमा परेका विद्यालयमा त्यो अवस्था पाइएन । शैक्षिक सत्र २०७३ सालको अध्ययन क्षेत्रका ३ वटा विद्यालयको कक्षा चढ्ने लिम्बु र गैरलिम्बु विद्यार्थी संख्या र प्रतिशत हेर्दा कक्षा १ देखि ५ सम्म जम्मा लिम्बु विद्यार्थी संख्या ७७ मध्ये ६९ जना (८९.६३%) उत्तीर्ण देखिन्छन् । जसमा छात्रा भन्दा छात्र उत्तीर्ण प्रतिशत बढी देखिन्छ । त्यस्तै कक्षा ५ को तुलनामा क्रमशः कक्षा २, ३, ४ र कक्षा १को उत्तीर्ण प्रतिशत कम देखिन्छ ।

त्यसै गरी कक्षा १ देखि ५ सम्म गैर लिम्बु विद्यार्थी संख्या ३९३ मध्ये ३८४ जना (९७.७१%) उत्तीर्ण भएका छन् । जसमा छात्र ९९.०४% र छात्रा ९६.२२% छ । विभिन्न कक्षाको तुलना गर्दा सबभन्दा बढी कक्षा ५ मा उत्तीर्ण भएका छन् भने सबैभन्दा कम कक्षा ३ मा देखिन्छन् ।

गैरलिम्बु अभिभावहरू चेतनाको दृष्टिकोणले लिम्बु अभिभावकहरूभन्दा आफ्ना बच्चाहरूको पढाइप्रति विशेष ध्यान दिने गरेको देखिन्छ । जसको प्रत्यक्ष असर उनीहरूका बालबालिकामा परेको पाइन्छ । यसप्रकार दुर्खाइमले भनेझै चेतनाको कारण लिम्बु र गैरलिम्बुको तुलना गर्दा सबै कक्षामा लिम्बु विद्यार्थीको तुलनामा गैरलिम्बु विद्यार्थीको उत्तीर्णदर बढी देखिन्छ ।

संकलित तथ्याङ्क अध्ययन गर्दा कक्षा ५ को तुलनामा अन्य कक्षाहरुको उत्तीर्ण प्रतिशत कम छ । तुलनात्मक रुपमा अन्य कक्षाको भन्दा कक्षा ३ को उत्तिर्ण दर कम छ । लिम्बु विद्यार्थीको तुलनामा गैरलिम्बु विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत समग्रमा ९७.७१% छ भने

लिम्बु विद्यार्थीहरूको ८९.६३% छ । (२०७३ सालको उत्तिर्ण विद्यार्थी संख्या विवरण अनुसुची १० मा राखिएको छ । )

### ४.१.३ लिम्बु जातिका बालबालिकाहरु विचैमा विद्यालय छोड्ने दर

यस अध्ययनमा छनौटमा परेका विद्यालयहरुको शैक्षिक सत्र २०७३ मा परीक्षामा समेल भएको र विचैमा कक्षा छाड्ने विद्यार्थीको विवरण तालिका ४ मा  प्रस्तुत गरिएको छ ।

**तालिका ३ लिम्बु जातिका बालबालिकाहरु बिचैमा कक्षा छाड्ने दर**

| क.सं. | विद्यालय | लिम्बु विद्यार्थी | | | गैर लिम्बु विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|
| | | भर्ना | कक्षा छोड्ने | परीक्षामा सामेल | भर्ना | कक्षा छोड्ने | परीक्षामा सामेल |
| १. | आदर्श मा.वि. | ३६ | ३ | ३३ | १६० | १ | १५९ |
| २. | कविशिरोमणि मा.वि | २४ | २ | २२ | १३८ | ० | १३८ |
| ३. | हरि नि.मा.वि. | १७ | १ | १६ | ९५ | १ | ९४ |
| **जम्मा** | | **७७** | **६** | **७१** | **३९३** | **२** | **३९१** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिकाबाट शैक्षिक सत्र २०७३ मा आदर्श मा.वि., कविशिरोमणि मा.वि. तथा हरि नि.मा.वि. बाट परीक्षामा सामेल भएका लिम्बु तथा गैर लिम्बु विद्यार्थीहरुको तथ्याङ्क हेर्दा तुलनात्मक रुपमा गैर लिम्बु भन्दा लिम्बु बालबालिकाहरुको बिचैमा कक्षा छाड्ने दर उच्च रहको देखिन्छ ।

## ४.२ प्राथमिक तहमा लिम्बु जातिका बालबालिकाको शैक्षिक सहभातिामा प्रभाव पार्ने तत्वहरु

बालबालिकाको वंशाणुगत गुण, वातावरणीय प्रभाव, सामाजिक र सांस्कृतिक परिवेश, घर परिवार, साथी समूह, आर्थिक अवस्था, राजनैतिक अवस्था कक्षा व्यवस्थापन आदिले प्रत्यक्ष प्रभाव पार्दछ । बालबालिकालाई प्रभाव पार्ने तत्वहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

(क) आन्तरिक तत्वः यस अन्तर्गत पारिवारिक संरचना, वंशाणुगत गुण, अन्तरदृष्टि सिकाइ क्षमता, रूचि चाहना क्षमता आदि पर्दछन् ।

(ख) बाह्य तत्व : यस अन्तर्गत कक्षाकोठा, शिक्षक, संगत, आर्थिक, भौतिक पक्ष, राजनैतिक अवस्था, धार्मिक सांस्कृतिक, भाषा आदी पर्दछन् ।

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई विद्यालयसँग सम्बन्धित तत्वहरू सामाजिक तत्वहरू, पारिवारिक तत्व, आर्थिक तत्व, राजनैतिक तत्वहरूले प्रभाव पारेको पाइयो ।

माथिको तालिका अनुसार लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूका सम्बन्धमा देखिएका समस्याहरू सरोकारवालाहरूले (प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, स्रोतव्यक्ति, अभिभावक र विद्यार्थी) व्यक्त गरेका धारणालाई निम्नानुसार प्राथमिकता क्रममा प्रस्तुत गरिएको छ :

### ४.२.१ आर्थिक तत्व

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ६६.६७% प्र.अ.हरू, ६६.६७% शिक्षकहरू, ६६.६७% वि.व्य.स. अध्यक्षहरू, ६६.६७% अभिभावक तथा ७३.३४% विद्यार्थीहरू सहमत भएको पाइयो । यसरी हेर्दा मार्क्सको सिद्धान्त जस्तै आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा प्रभाव पार्ने देखियो ।

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ३३.३४% वि.व्य.स. अध्यक्षहरू, १६.६७ अभिभावक तथा १३.३४% विद्यार्थीहरू सहमत भएको पाइयो ।

### ४.२.२ मनोवैज्ञानिक तत्व

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ३३.३४% प्र.अ.हरू १६.६७% अभिभावक, ६.६७% विद्यार्थीहरू र स्रोतव्यक्ति १००% सहमत भएको पाइयोय । यसरी हेर्दा दुर्खाइमका अनुसार चेतनाको कमीबाट शैक्षिक उपलब्धिमा प्रभाव पर्ने देखियो ।

### ४.२.३ सामाजिक तत्व

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ३३.३४% प्र.अ.हरू, ३३.३४% शिक्षकहरू, १६.६७% अभिभावक तथा २०% विद्यार्थीहरू सहमत भएको पाइयो ।

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ३३.३४% शिक्षकहरू, ३३.३४% वि.व्य.स. अध्यक्षहरू, १६.६७% अभिभावक तथा २०% विद्यार्थीहरू सहमत भएको पाइयो ।

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यालयहरूका ६६.६७% शिक्षकहरू सहमत भएको पाइयो । लिम्बु समुदायमा जन्म, न्वारन, पास्नी, छैंठी, विवाह, मृत्यु आदि संस्कारमा जाँड रक्सि, मासु आदि खुवाउने चलनले गर्दा र रमाइलो गरी चाडपर्वहरू मनाउने हुँदा घरपरिवारबाट विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारेको पाइयो ।

### ४.२.४ राजनैतिक प्रभाव

लिम्बु विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वमा देखिएका समस्याहरू सम्बन्धमा नमूना विद्यलायहरूका ६६.६७% अभिभावकहरू सहमत भएको पाइयो । तथ्याङ्क संकलनमा जे जस्तो सूचना तथा तथ्याङ्क प्राप्त भएता पनि स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूमा अधिकांश विद्यालयहरूमा बन्द, हड्ताल, द्वन्द्व, तालाबन्दी, चक्काजाम तथा राजनैतिक हस्तक्षेपजस्ता कारणले विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो ।

स्थलगत सर्वेक्षणका आधारमा भेटघाट, अन्तरक्रिया, वार्तालाप आदि माध्यमबाट प्राप्त जानकारीका आधारमा शैक्षिक समस्याहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

लिम्बु समुदायमा आफ्नो जग्गा जमिन थोरैको भए पनि धेरैको कम भएको हुँदा गरिविको कारण लिम्बु बालबालिका पनि आयआर्जन गतिविधिमा संलग्न रहन्छन् । प्रत्येक दिन काम नगरी खान नपाउने हुँदा साना बालबालिका देखि परिवारका ठूला सबै सदस्यहरूले काम गर्नुपर्ने बाध्यता देखियो । गरिबीको कारण विद्यालय पोसाक, भर्ना शुल्क, परिक्षा शुल्क, किताब, कापी र कलम किन्ने पैसाको अभाव र आवश्यक परेको समयमा रूपैयाँ पैसा सापटी पाउन पनि गाह्रो परेको अन्तरवार्ताका क्रममा पाइयो ।

प्राय लिम्बु परिवारहरू अशिक्षित हुनाका कारण आफ्ना केटाकेटीहरूको शैक्षिक गतिविधीमा संलग्न देखिँदैनन् । घरको वातावरण शिक्षासँग मेलखाने खालको नभएकोले आफै शिक्षा विकासमा प्रत्यक्ष संलग्न हुने अवस्था देखिएन । शिक्षाबाट तुरुन्त प्रतिफल नपाइने हुँदा छिट्टै आर्थिक लाभ हुने कामतिर आकर्षित भै शिक्षाप्रति बेवास्ता गरेको पाइयो । उनीहरू प्रायः परम्परागत, जातिगत काममा संलग्न रहेको पाइयो ।

केटाकेटीहरूले घरको काममा सहयोग गर्नुपर्ने कारणले धेरै कम मात्रामा विद्यालयमा उपस्थित हुन पुगेका छन् । यसमा पनि छोरीले घरको काम धन्दामा सघाउनु पर्दछ भन्ने धारणा अभिभावकको रहेको छ । यो धारणा हुने खाने लिम्बुहरूमा पनि रहेको छ । यस

अर्थमा लिम्बु समूदायमा धन भन्दा पनि लैङ्गिक विभेद राख्ने राष्ट्रिय प्रवृत्तिको पूनरावृत्ति भएको देखियो ।

लिम्बु समाजमा पनि केटीलाई भन्दा केटालाई धेरै स्वतन्त्रता छ । महिला अभिभावकहरू प्रायः अशिक्षित नै छन् । यसले गर्दा केटाकेटीमा समान व्यवहार पाइदैन । लिम्बु समुदायमा परम्परावादी र रुढीवादी संस्कार विद्यमान रहेकोले शिक्षालाई जीवनका लागि अपरिहार्य साधन महशुस हुन नसकेको देखियो ।

घरको काममा सम्पूर्ण परिवारको संलग्नता रहन्छ । त्यसैले लिम्बु बालबालिकाहरू विद्यालयमा अनुपस्थित रहन्छन् । घरमा शैक्षिक वातावरण छैन तसर्थ पढाई छुटेर ति बालबालिकाहरू अल्छी हुन पुगेका छन् । अनियमितताका कारणले उनीहरू पढ्न सक्दैनन् । यसले गर्दा परिक्षामा अनुत्तिर्ण हुन पुग्छन् । फलस्वरूप विद्यालयमा कम आएको पाइयो ।

लिम्बु समुदायमा जाँडरक्सीको अत्याधिक प्रयोग गरी चाडपर्वमा बढी रमाइलो गर्ने चलनले गर्दा मोजमस्तीमा रमाई यथास्थितिमै खुसी हुने भएकोले बालबालिकामा पनि त्यस्तै प्रभाव परेको देखियो । छिटो विवाह गर्ने चलनले धेरै सन्तान जन्मिने प्रवृत्तिले गर्दा बालबालिकाको भविष्यप्रति अभिभावकले चिन्ता नलिएको “भगवानले दिन्छन्, भगवान्ले पाल्न कर लाग्छ” भन्ने रुढीवादी धारणा विद्यमान रहेको देखियो ।

लिम्बु समुदायमा लाहुरे हुनै पर्ने मान्यताले पनि अभिभावकहरू पढाई लेखाइतिर भन्दा पनि आफ्नो छोरालाई बेलायती सेनामा, भारतीय सेनामा, खाडी मुलुकमा र त्यो पनि नभए भारतको विभिन्न ठाउँमा नोकरी गर्न पठाउने सामाजिक परम्पराले पनि पढाई बीचैमा छोड्ने परिपाटी विद्यमान रहेको देखियो । पढाईलाई भन्दा पैसालाई बढी महत्व दिने संस्कारले गर्दा पनि लिम्बु समुदायमा शिक्षाको खासै महत्व देखिएन ।

लिम्बु समुदायमा लाहुरेलाई जति मानसम्मान दिइन्छ । एउटा पढेको मानिसले उक्त सम्मान पाउँदैन । फलस्वरूप सामाजिक सम्मानको लागि पनि लाहुरे हुनुपर्ने परिस्थिति

विद्यमान रहेको देखियो । 'संगत गुनाको फल' भने जस्तै समाजमा पढे लेखेका मानिस धेरै नहुँदा गाउँमा अल्लारे, आवरापनका केटाकेटीहरू बढी हुने हुनाले पढ्न चाहनो बालबालिका पनि उनीहरूको संगतले गर्दा विग्रन गएको देखियो ।

छोरीलाई भन्दा छोरालाई बढी महत्व दिने धार्मिक परम्परा र छोरी अर्कैको घरमा जाने जात हो, नपढेपनि हुन्छ भन्ने रुढिवादी चिन्तन अझैसम्म पनि कायमै रहेको देखियो ।

छोरा नभए स्वर्गको ढोका बन्दहुन्छ भन्ने परम्परावादी धार्मिक मान्यताका कारणले धेरै छोरी भए पनि छोरा नभए सम्म बच्चा जन्माउँदै जाने परिपाटीले परिवारको आकार ठूलो भै आर्थिक अवस्था कमजोर हुन जाँदा पढाईतिर भन्दा आयआर्जनतिर छोरा छोरीलाई लगाउने गरेको पाइयो ।

शिक्षकहरूले पनि जान्ने विद्यार्थीलाई मनपराउने र नजान्ने विद्यार्थीलाई फरक ढंगले व्यवहार गर्ने, गाली गर्ने गर्दा उनीहरूमा पढाई प्रति निरासा छाएको देखियो । विद्यालयको भौतिक वातावरण शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसार नहुँदा पनि विद्यालय जान मन नगरेको देखियो ।

## ४.३ लिम्बु बालबालिकाको शैक्षिक सहभागिता बृद्धि गर्न चालिएका कदमहरु

नमुना छनौटमा परेका विद्यालयहरुमा लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक सहभागिता बृद्धि गर्नका लागि के-कस्ता कदमहरु चालिएका छन् भन्ने सन्दर्भमा प्रधानाध्यापकहरु, शिक्षकहरु, अभिभावकहरुको प्रतिक्रिया लिइएको थियो । प्राप्त प्रतिक्रियाहरुको विश्लेषण गर्दा लिम्बु जातिका विद्यार्थीहरुलाई मात्र पृथक रुपमा विशेष कदम चालिएको पाइएन तर समग्र रुपमा सबै विद्यार्थीहरुको सहभागिता बृद्धि गर्ने कदमहरु विद्यालयले अगाडि बढाउँदा लिम्बु जातिका विद्यार्थीहरुलाई समेत फाइदा पुगेको पाइयो । जस्तैः

- छात्रा छात्रवृत्ति
- पूर्व प्राथमिक कक्षामा दिवा खाजाको व्यवस्थापन
- अर्न्तक्रिया कार्यक्रम

- भर्ना अभियान

## ४.४ लिम्बु बालबालिकाको शैक्षिक सहभागिता बृद्धि गर्ने उपायहरु

लिम्बु बालकालिकाहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी जानकारी प्राप्त गर्ने क्रममा विभिन्न व्यक्तिहरूको अवधारणा विश्लेषण गरियो । सरोकारवालाहरुमध्ये प्रधानाध्यापक, शिक्षक, अभिभावक, वि.व्य.स. अध्यक्ष, विद्यार्थीहरु समेतको प्रतिक्रियाका आधारमा लिम्बु बालबालिकाको शैक्षिक सहभागिता बृद्धि गर्ने उपायहरुलाई समग्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ । (अनुसूची -११)

### ४.३.१ आर्थिक सहुलियत

लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ६६.६७% प्र.अ.हरू, ६६.६७% शिक्षक, ६६.६७% वि.व्य.स. अध्यक्ष, ८३.३४% अभिभावक र ७३.३४% विद्यार्थीहरू आर्थिक सहुलियतको पक्षमा रहेको पाइयो । (तालिका ४)

### ४.३.२ निःशुल्क शिक्षा प्रदान

लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नु पर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ३३.३४% वि.व्य.स. अध्यक्ष, ५०% अभिभावक र ५३.३४% विद्यार्थीहरू निःशुल्क शिक्षाको पक्षमा देखिए । (तालिका ४)

### ४.३.३ रोजगारमूलक शिक्षा

लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ३३.३४% प्र.अ., ३३.३४% शिक्षक, ६६.६७ वि.व्य.स. अध्यक्ष, ५०% अभिभावक र २०% विद्यार्थीहरू रोजगारमूलक शिक्षामा सहमत पाइए भने स्रोत व्यक्ति (१००%) पनि रोजगारमूलक शिक्षाको पक्षमा सहमत देखिए । (तालिका ४)

### ४.३.४ मातृभाषामा शिक्षा

लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा ३३.३४% शिक्षक, १६.६७% अभिभावक र १०% विद्यार्थीहरूमात्र मातृभाषामा शिक्षा दिनुपर्ने कुरामा सहमत भए । (तालिका ४)

### ४.३.५ जातीय भेदभावको अन्त्य

लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न के गर्नुपर्ला ? भनी प्रश्न राखी गरिएको सर्वेक्षणमा १६.६७% अभिभावक तथा ३.३४% विद्यार्थी मात्र जातीय भेदभावको अन्त्यमा सहमत भएको पाइयो । (तालिका ४)

स्थलगत भ्रमणको क्रममा व्यक्तिगत भेटघाट, अन्तरक्रियाजस्ता माध्यमबाट लिम्बुहरूको शैक्षिक उपलब्धि बढाउने उपायहरू निम्न अनुसार पहिचान गरियो ।

लिम्बु बालबालिकाको पायक पर्ने ठाउँमा विद्यालय खोल्नुपर्छ । विद्यालय नजिक हुँदा लिम्बु बालबालिका समेत विद्यालय जान उत्साहित र प्रोत्साहित हुन्छन् । सकभर विहानी कक्षा चालु गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो कक्षामा घरायसी कामकाजले पढ्न नपाएकाहरूले पढ्ने अवसर पाउँछन् । उनीहरूले शैक्षिक कार्यमाअभिभावकहरू पनि प्रत्यक्ष रूपले संलग्न हुन सक्छन् र उनीहरूको ध्यान पुऱ्याउन सक्छन् ।

ठूलो उमेरका बालबालिका विद्यालयमा आउनेमा प्राय गरिब परिवार देखिन्छन् । उनीहरूका अभिभावकमा चेतनाको कमीले सुरुमा विद्यालय पढाउन भ्याएका  हुँदैनन् । गाउँको स्कुलबाट प्रत्येक वर्ष भर्ना अभियानको क्रममा घरदैलो जागरण कार्यक्रम संचालन गर्दा मात्र बच्चाहरू विद्यालय पठाउन थाल्छन् ।

गरीब लिम्बु बालबालिकाहरूलाई छात्रवासको उचित प्रवन्ध, विद्यालयमा दिवा खाजाको व्यवस्था, गरिब बालबालीकालाई जो पढ्न जेहेन्दार छ उसलाई पढ्न अभिप्रेरित गर्न विद्यालयले आर्थिक सहयोग जुटाउने पहल गर्नुपर्दछ। स्थानीय जनसमुदायसँग चन्दा संकलन गर्ने र कुनै शिक्षा प्रेमीबाट अक्षयकोष स्थापना गर्न लगाई छात्रवृद्धि प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ।

विद्यालय जान वञ्चित लिम्बु बालबालिका र प्रौढहरूको लागि साक्षरता कार्यक्रम (प्रौढ शिक्षा तथा महिला शिक्षा) लाई अभियानको रूपमा सञ्चालन गर्नुपर्दछ। पढेर के हुन्छ ? भन्ने मानसिकताबाट हुर्केका लिम्बुलाई पढाईका राम्रा पक्षबारे शिक्षा दिने कार्यक्रम सञ्चालन गर्नु पर्दछ। महिलाहरूलाई पढ्नबाट बञ्चित गर्ने चलनलाई निरुत्साहित गर्नका लागि लैङ्गिक समानता सम्बन्धी तालिम, गोष्ठि सञ्चालन गरेर लिम्बु अभिभावकहरूलाई जागरुक बनाउनु पर्दछ।

लिम्बु जातिका सहयोगी कार्यकर्ताहरूलाई तालिम दिएर उनीहरू बीचमै सुखः दुःखमा साथ दिँदै जनचेतना जगाउने काम गरिनुपर्दछ। विभिन्न संघ संस्थाहरूले समुदायमा जनचेतना र सशक्तिकरण अभियान चलाउनु पर्छ साथै समावेसी र समाहित शिक्षाका कार्यक्रम लागू गरिनुपर्छ। अधिकांश न्यून आय भएका लिम्बु परिवारहरूलाई विशेष सहुलियत प्रदान गरी बालबालिकाको सम्पूर्ण पढाइ खर्च सरकारले व्यहोर्नु पर्छ।

प्रत्येक विद्यालयमा लिम्बु भाषा कक्षाहरू तथा लिम्बु शिक्षक शिक्षिकाको दर्वन्दी कायम गर्न सकिएमा लिम्बु विद्यार्थीहरूको उपस्थिती बढ्न जान्छ। लिम्बु विद्यार्थीहरू बढी सकेपछि पनि विद्यालय विचैमा छाड्ने दरलाई कम गर्न छात्रवृत्ति, पोषाक तथा खाजाको उचित प्रवन्ध गर्नुपर्दछ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

## ५.१ निष्कर्ष

अध्ययन क्षेत्रको व्याख्या र विश्लेषणबाट हासिल गरेका जानकारीहरूको आधारमा निम्न निष्कर्ष निकालिएको छ :

२०७३ सालमा लिम्बु तथा गैर लिम्बु विद्यार्थीहरूको भर्ना दरलाई विश्लेषण गर्दा लिम्बु विद्यार्थीहरुको भर्ना दर १६.३८% रहेको पाईयो भने गैर लिम्बु विद्यार्थीहरुको भर्ना दर ८३.६२ प्रतिशत भर्ना भएको पाईयो । यस तथ्याङ्कले के देखाउछ भने मेचीनगर नगरपालिका अन्तरगत छनौटमा परेको ३ वटा विद्यालयहरुमा लिम्बु बालबालिकाको तुलनामा गैर लिम्बु बालबालिकाहरुको भर्ना दर उच्च रहेको पाईयो ।

२०७३ सालमा लिम्बु विद्यार्थीहरूको नतिजा (८९.६३%) पाईयो भने गैर लिम्बुहरूको नतिजा (९७.७१%) पाईयो र तुलना गर्दा गैर लिम्बु विद्यार्थी भन्दा लिम्बु विद्यार्थी ८.०८%, ले कमी रहेको पाइयो । साथै कक्षा क्रियाकलापमा पनि लिम्बुको सहभागिताको पक्षमा गैर लिम्बु भन्दा कमी रहेको पाईयो । यसले लिम्बुको शैक्षिक अवस्था तुलनात्मक रुपमा न्यून रहेको पुष्टि गर्दछ । शैक्षिक अवस्था न्यून गराउन प्रभाव पार्ने प्रमुख तत्वको रूपमा आर्थिक तत्व देखापऱ्यो ।

२०७३ सालमा लिम्बु विद्यार्थीहरूको विचैमा कक्षा छाड्ने दरलाई विश्लेषणा गर्दा लिम्बु विद्यार्थीको कुल ७७ जना भर्ना भएको देखिन्छ भने ७१ जना मात्र परीक्षामा सामेल भई ६ जना विद्यार्थीहरुले बिचैमा कक्षा छाडेको देखिन्छ । त्यस्तै गैर लिम्बु विद्यार्थीहरुको कुल ३९३ मध्ये ३९१ जना परीक्षामा सामेल भई २ जना विद्यार्थीले मात्रै विचैमा कक्षा छाडेको देखिन्छ । यसरी लिम्बु तथा गैर लिम्बु विद्यार्थीहरुको तथ्याङ्कलाई हेर्दा तुलनात्मक रुपमा गैर लिम्बु भन्दा लिम्बु बालबालिकाहरुको विचैमा कक्षा छाड्ने दर बढी रहेको देखिन्छ ।

विद्यालय र कक्षा कोठामा जातिपातिको आधारमा भेदभावको कुनै सङ्केत भने देखिएन बरु लिम्बु र गैर लिम्बु विद्यार्थीहरू सँगसँगै उठबस गरेको पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धमा लिम्बु विद्यार्थीहरूले शारीरिक क्रियाकलापहरू जस्तै :- दौडने, उफ्रने जस्ता कार्यमा रुचि लिएको पाइयो भने बौद्धिक क्रियाकलापमा उनीहरूको कम रुचि रहेको पाइयो ।

पढ्नु पर्दछ भन्ने भावनाबाट प्रेरित गरेको, कक्षा कार्य, गृहकार्यजस्ता कार्यहरूमा विशेष चासो देखिएको, गैर लिम्बु विद्यार्थीहरूले पनि पिछडिएको जनजाति भनेर तल्लो वर्गको रूपमा अभद्र व्यवहार नगरेको, मानिस-मानिस बीच कुनै फरक छैन भन्ने भावना राखेको, शैक्षिक क्रियाकलापमा सहयोग गरेको छलफलको क्रममा पाइयो ।

लिम्बु विद्यार्थीहरू सफा सुग्घर भए उनीहरूलाई साथीको रूपमा लिन कुनै फरक नपर्ने, जसको नाममा एक विद्यार्थीको अर्को विद्यार्थीलाई नराम्रो व्यवहार गर्न नहुने, जातिगत रूपमा नभई व्यवहार र स्वभाव अनुसार लिम्बुलाई गैर लिम्बु (ब्राह्मण) को घरभित्र पस्न फरक नपर्ने, गैर लिम्बु विद्यार्थीहरूको अन्तर्वार्ता र छलफलबाट बुझियो तर व्यवहारिक रूपमा लिम्बु विद्यार्थीहरूलाई आफ्नो घरमा लगे तापनि भित्र पस्न भने नपाएको लिम्बु विद्यार्थीको अन्तर्वार्ताबाट पाइयो ।

लिम्बु विद्यार्थीहरूको शैक्षिका उपलब्धि सम्बन्धी देखा परेका समस्याहरूमा जमीन नभएको र भए पनि एकदमै कम भएको हुँदा गरिबीको कारण अरुको काम गर्नुपर्ने बाध्यता, विद्यालय पोशाक, भर्ना शुल्क, कापी कलम किन्न पैसाको अभाव, घरको वातावरण शिक्षाको दृष्टिकोणले प्रतिकुल हुनु, शिक्षाबाट तुरुन्त प्रतिफल नपाईने हुनाले अरु पेशामा आकर्षित, लैङ्गिक विभेद, परम्परावादी र रुढिवादी चिन्तन एवम् संस्कार विद्यमान रहनु, परीक्षामा अनुत्तिर्ण हुनु, जाँडरक्सीको अत्यधिक प्रयोग गरी मोजमस्तीमा रमाउने लिम्बु अभिभावकले गर्दा बालबालिकामा पनि त्यसको प्रभाव पर्नु, लिम्बु स्वयम्ले आफूलाई तल्लो वर्गको ठान्नु,

महिला लिम्बुहरू निरक्षर हुनु, लिम्बु अभिभावकहरूमा शैक्षिक चेतनाको कमीजस्ता कुराहरू रहेको देखियो ।

लिम्बु जातिका विद्यार्थीको शैक्षिक उपलब्धि वा उत्तिर्ण प्रतिशत गैर लिम्बु विद्यार्थीको तुलनामा कम रहेको छ । २०७३ सालको नतिजा हेर्दा ९७.७१% गैर लिम्बु विद्यार्थी उत्तिर्ण छन् भने लिम्बु विद्यार्थीको उत्तिर्ण प्रतिशत ८९.६३ रहेको छ ।

विद्यालय र कक्षाकोठामा जातिपाती र वर्गको नाममा गरिने विभेद तथा अन्य क्रियाकलाप लिम्बु तथा गैरलिम्बु दुवै विद्यार्थीहरूमा नदेखिएका कारण विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा जातजातिको नाममा गरिने व्यवहारले बाधा पुऱ्याएको पाइएन । विद्यालयमा कम उपस्थिति हुने बालबालिकाको विषयवस्तुमा हुने ज्ञानको कमिले स्वतः विद्यालय नजाने मनस्थिति रहेको पाइयो । कक्षाकोठा क्रियाकलापमा शिक्षक र विद्यार्थी बीचको दोहोर आदान-प्रदान नभएकोले लिम्बु विद्यार्थीहरूले शैक्षणिक क्रियाकलापमा उल्लेख्य प्रगति गर्न नसकेको देखिन्छ ।

लिम्बु विद्यार्थीहरू डराउने, लजाउने गरेकोले कक्षा कोठामा कम संलग्न हुने गरेको देखिन्छ । समुदाय परम्परागत रुढीवादी शैलीमा चल्नाले अभिभावकहरूमा शैक्षिक चेतनाको कमिले गर्दा कलिला बालबालिकामा त्यसको प्रभाव परी विद्यालयमा नजाने र बीचैमा पढाई छोड्ने स्थिति देखा परेको छ । लैङ्गिक समानताको कमीले शिक्षामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । जसले गर्दा लिम्बु केटाको तुलनामा केटीको शैक्षिक उपलब्धि पनि कम रहेको छ ।

आर्थिक समस्या, लिम्बु अभिभावकमा चेतनाको कमी, लिम्बुहरूमा परम्परागत विचार विद्यमान रहनु जस्ता कारणले लिम्बु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा असर पुऱ्याएको छ । लिम्बु विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न आर्थिक सौलिहत, निःशुल्क शिक्षा, रोजगारमूलक शिक्षा, मातृभाषामा शिक्षा र जातीय भेदभावको अन्त्य गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरू

अध्ययन क्षेत्रका विद्यालयहरूमा अध्ययन गर्ने क्रममा लिम्बु विद्यार्थीहरूको भर्ना र उपस्थिति, कक्षाकोठा क्रियाकलापमा सहभागिता, शिक्षक र गैर लिम्बु विद्यार्थीहरूले लिम्बु विद्यार्थीप्रति गर्ने व्यवहार, शैक्षिक समस्याहरू, वि.सं. २०७३ सालको नतिजा रेकर्ड, पारिवारिक तथा सामाजिक वातावरण तथा समाधानका उपायहरूको जानकारीको आधारमा लिम्बु बालबालिकाको शैक्षिक उपलब्धि र प्रगतिका निम्ति लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

लिम्बुहरूको समस्या र विद्यमान रुढिवादी चिन्तन विरुद्ध चेतना अभिवृद्धि गर्ने विषयवस्तु विद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्दै लैजानुपर्ने देखिन्छ । शिक्षा नीति बनाउँदा व्यवहारिक, पिछडिएका जनजातिलाई केन्द्रविन्दु राखी भावी नीति तथा योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । नीति नियम बनाउँदा सैद्धान्तिक भन्दा व्यवहारिक पक्षमा जोड दिनुपर्ने देखिन्छ ।

नीति नियमको निर्माण गर्ने तहमा जनजातिको पहुँच पुऱ्याउने खालको वातावरण बनाउन नीति नियममै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ । नीति नियम पारदर्शी बनाईनु पर्दछ । नीति नियम हचुवाको भरमा बनाइनु हुँदैन । नीति नियम बनाउँदा राज्यको हरेक अंगमा सबै जातजातिको प्रतिनिधित्व हुने खालको बनाइनु पर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा नियमित रूपमा उपस्थित हुने र नजानेका कुरा संकोच नमानी शिक्षकसँग सोध्ने बानी बसाल्नु पर्दछ । कक्षामा बस्दा पछाडि बेञ्चमा नबसी अगाडी बस्ने बानी बसाल्नु पर्दछ । कक्षामा हुने क्रियाकलापमा पछाडि गएर बस्ने, लजाउने नगरी सक्रिय

सहभागिता जनाउनु पर्दछ । घरमा अभिभावकहरूले विद्यालय जानु पर्दैन भनी भने तापनि वहाँहरूलाई सकभर आफूले सम्झाउने, नभए शिक्षकलाई घरमा बोलाई सम्झाउन लगाउनु पर्दछ ।

हामी देशको भविष्यको कर्णधार हौं, हामीले पढेर ठूलो मानिस बनी देशको विकासमा योगदान दिनु पर्दछ भन्ने उद्देश्य लिनु पर्दछ । "उद्देश्य के लिनु उडी छुनु चन्द्र एक" भन्ने महाकवी लक्ष्मीप्रसाद देवकोटाको भनाईलाई आत्मसात् गर्नु पर्दछ । पढाईलाई अर्थोपार्जनको रूपमा मात्र नलिई व्यक्तित्व विकासको रूपमा समेत हेरी सोही अनुसार कार्य गर्नु पर्दछ । सरसफाईमा विशेष ध्यान दिनु पर्दछ ।

परम्परागत रुढिवादी चिन्तन त्यागी आफ्ना बालबालिकाहरूलाई विद्यालयमा नियमित रूपमा पढ्न पठाउनु पर्दछ । छोरा र छोरीमा कुनै भेदभाव गर्नुहुँदैन । छोरालाई बढी महत्व दिने र छोरीलाई अर्काको घरमा जाने जात भनी फरक व्यवहार गर्नु हुँदैन । परिवारको आकार सकभर सानो बनाउनेतर्फ विशेष ध्यान दिनु पर्दछ । बालबालिकाले देख्ने गरी लागु पदार्थ ( मद्यपान, धुम्रपान) सेवन गर्नु हुँदैन । भोजभतेरमा जाँडरक्सीको सेवनमा कटौती गर्दै लैजानुपर्ने देखिन्छ ।

समय परिवर्तन भइसक्यो, अतः आफ्नो सोंचाई र चिन्तनमा पनि परिवर्तन गर्नुपर्ने देखिन्छ । आफ्नो बच्चा कमजोर भए पनि जसरी पनि पास गरिदिनु पर्दछ भन्ने भावना त्याग्नु पर्दछ । किनकी जग राम्रो नभए घर बलियो नभए जस्तै कमजोर बालबालिकालाई माथिल्लो कक्षामा लैजाँदा पछि भने समस्या पर्न जान्छ । अतः यस कुरामा अभिभावकले ध्यान दिनुपर्ने देखिन्छ ।

लिम्बु बालबालिकाको पारिवारीक वातावरण राम्रो नहुने र उनीहरूलाई घरमा आवश्यक पथप्रदर्शन नहुँदा उनीहरू पढाईमा कमजोर हुन्छन् । अतः शिक्षकले कक्षामा सोही अनुसार

व्यवहार गर्नुपर्ने देखिन्छ। लिम्बु बालबालिकाहरूलाई पछाडी बस्ने, घोप्टो मुन्टो लगाउने बानी हटाउन उनीहरूलाई आवश्यक वातावरणको सृजना गरी दिन पहल गर्नुपर्ने देखिन्छ।

कक्षा क्रियाकलापमा सहभागी भए नभएको निगरानी राख्नुपर्ने देखिन्छ। गृहकार्य गरे नगरेको प्रति पनि विशेष ध्यान दिनुपर्दछ र नगरेको भए के कारणले हो ? बुझ्नु पर्दछ। लिम्बु बालबालिकाको घरमा बेला बेलामा गई अभिभावकलाई सम्झाउनुपर्ने देखिन्छ। लिम्बु तथा गैर लिम्बु विद्यार्थीहरूलाई कक्षामा घुलमिल बनाई राख्ने र सकभर जान्ने नजान्ने मिलाई बसाई व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

लिम्बु विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालयमा उपस्थित भए विद्यालयद्वारा पुरस्कार र प्रशंसा-पत्रको व्यवस्था गर्नु पर्दछ। शिक्षक र लिम्बु अभिभावकबीच समय-समयमा शैक्षिक अन्तर्क्रिया सञ्चालन गर्नुपर्दछ र शिक्षकहरू लिम्बु विद्यार्थीहरूको घरमा नियमित रूपमा गएर भेटघाट गरी व्यवहारिक कुरा बुझ्ने र अभिभावकहरू विद्यालय गएर छोराछोरीको पढाईको बारेमा छलफल गर्नुपर्दछ।

विद्यालयमा लिम्बु विद्यार्थीलाई विशेष निगरानी राख्न, शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। स्याबासी, प्रशंसा, विद्यार्थी-शिक्षकबीच दोहोरो सञ्चार नियमित रूपमा स्थापित गर्नुपर्दछ। लिम्बु बालबालिकालाई विद्यालयमा नियमित रूपमा उपस्थित गराउन उनीहरूलाई आकर्षित गर्ने मनोरञ्जनात्मक कार्यक्रम बेला-बेलामा आयोजना गर्नुपर्ने देखिन्छ। विद्यालयमा लिम्बु विद्यार्थीलाई विशेष निगरानी राख्ने शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नु पर्दछ।

विद्यालयको वार्षिक परीक्षामा लिम्बु बालबालिकाहरूलाई प्रोत्साहन दिने र लिम्बु केटाकेटीको लागि छुट्टै विशेष आरक्षण र अवसरको व्यवस्था गर्नुपर्ने देखिन्छ। लिम्बु विद्यार्थीहरूको उत्कृष्ट कामको मूल्याङ्कन गर्दै उनीहरूलाई सार्वजनिक महत्वका ठाउँहरूमा पुरस्कृत गर्दै लैजानुपर्ने देखिन्छ। लिम्बु बालबालिकालाई विद्यालयमा आकर्षित बनाउन

विद्यालयले छात्रवृत्ति, छात्रावास, दीवा खाजा आदिको व्यवस्था गर्न पहल गर्नुपर्ने देखिन्छ। विद्यालयको वातावरण अनुकूल बनाउनतर्फ पहल गर्नुपर्ने देखिन्छ।

लिम्बु विद्यार्थीहरूलाई शैक्षिक सत्रको शुरुमा विद्यालयमै पुरस्कार वितरणमा सरकारी पहल हुनुपर्ने देखिन्छ। लिम्बु बालबालिकाहरूलाई छात्रवृत्ति, पोशाक वितरण, प्रशंसाजस्ता सकारात्मक कार्यक्रमहरू सरकारी पक्षबाट सञ्चालन गर्नुपर्दछ। वास्तविक रूपमा विपन्न, जेहेन्दार र लिम्बु तथा त्यसमा पनि पिछडिएको विद्यार्थीहरूको छनोट गर्न गाउँ शिक्षा समिति र शिक्षक, प्र.अ.हरूले पारदर्शी तरिका अपनाउनु पर्दछ।

लिम्बु विद्यार्थीहरूमा शैक्षिक उपलब्धि बृद्धि गर्नको लागि प्रत्येक विद्यालयमा सम्भव भएसम्म लिम्बु, महिला र नभएमा लिम्बु समुदायका व्यक्तिबाट शिक्षकको व्यवस्था गर्नुपर्ने देखिन्छ। लिम्बु जातिको साक्षरता बृद्धि गर्न साक्षरता अभियान राष्ट्रिय रूपमै सञ्चालन गरिनु पर्दछ। लिम्बु जातिमा विद्यमान परम्परागत सिपको आधुनिकीकरण गरी त्यसलाई व्यवसायिक रूपमा संचालन गर्न सरल कर्जा प्रणाली उपलब्ध गराउनु पर्दछ। यसले उनीहरूको आर्थिक पक्ष सुदृढ हुन गई चेतना स्तर बढ्न जान्छ र छोराछोरीलाई विद्यालय पढाउँछन्।

समाजमा आयोजना गरिने भोजभतेर र संस्कारगत कार्यहरूमा मादक पदार्थको सेवनमा क्रमशः रोक लगाउँदै जानु पर्दछ र त्यसको खराब असरबारे जनचेतना जगाउनु पर्दछ। लिम्बु भाषा र संस्कृतिको उत्थानको लागि मातृभाषामा शिक्षा दिने वातावरण व्यापक रूपमा मिलाउनु पर्दछ।

### ५.२.३ अनुसन्धान तह

नेपालको सामुदायिक विद्यालय तहमा लिम्बु जातिका बालबालिकाहरुको शैक्षिक स्तरमा न्युन भइरहेको सन्दर्भमा अझ सुक्ष्म र गहिरो अध्ययन अनुसन्धान गर्नु आवश्यक छ। यसै

सन्दर्भसँग सम्बन्धित निम्नलिखित शिर्षकहरु थप अध्ययन अनुसन्धानका लागि सिफारिश गरिन्छ ।

क) लिम्बु मातृभाषामा सञ्चालित प्राथमिक विद्यालयहरुको शैक्षिक उपलब्धी

ख) लिम्बु जातिका सामाजिक-साँस्कृतिक वातावरणले शिक्षामा पारेको प्रभाव

ग) लिम्बु बालबालिकाहरुको शैक्षिक उपलब्धीमा आर्थिक पक्षले पारेको प्रभाव

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बिष्णुप्रसाद, (२०६१), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाडौं : आशिष पुस्तक भण्डार ।

आचार्य, बलराम, (२०६२), *मानवशास्त्रीय सिद्धान्तहरूको विश्लेषण,* काठमाडौ : नेशनल बुक सेन्टर ।

काफ्ले, वासुदेव सिन्हा, रावस्वरूप, श्रेष्ठ चन्द्रबहादुर, (२०६०), *शैक्षिक योजना,* काठमाडौ : भुँडीपुराण प्रकाशन ।

अधिकारी, नर्वदा, ( २०७२), *मेचे जातिका बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता* (अप्रकाशित स्नात्तकोत्तर शोत्रपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

गणेश, कुन्ती कुमारी ( २०६९), *सिमान्तकृत बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता* ( अप्रकाशित शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कर्ण, शैलेन्द्र लाल ( २०६८) *माध्यमिक शिक्षामा बालबालिकाको सहभागिता* ( अप्रकाशित शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

दाहाल, थीर कुमार( २०६९) *पिछडावर्गका विद्यार्थीहरुको शैक्षिक सहभागिता* ( अप्रकाशित शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कोइराला, विद्यानाथ र आचार्य, शुसन, (२०६१), *सामाजिक न्यायको सेरोफेरोमा शिक्षा,* काठमाडौं : स्टुडेण्ट बुक्स एण्ड पब्लिसर्स ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौं : स्टुडेण्ट पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

तामाङ्ग, सीताराम, (२०५६), *विश्व आदिवासी आन्दोलन:* भुँडीपुराण प्रकाशन

तामाङ्ग, परशुराम, (१९९८), *राष्ट्रियता र जनजाति,* काठमाडौं : जनसाहित्य प्रकाशन केन्द्र ।

निरौला, हिरामणी र अरुण पौडेल, (२०५९), *खरिदार प्रतियोगिता दिग्दर्शन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

*नेपालको अन्तरिम संविधान,* (२०६३), काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

वागचन्द, रत्नबहादुर, ( २०५९), *दलित समुदायको सामाजिक विकाशको सन्दर्भमा शैक्षिक अवस्था र कानुनी अधिकार विषयक कार्यपत्र,* दलित विकाश समिति, काठमाडौं

ढकाल, हरिप्रसाद ( २०६६), *प्राथमिक तहमा अध्ययनरत बालबालिकाको शैक्षिक अवस्था अध्ययन* ( अप्रकाशित स्नात्तकोत्तर शोधपत्र), काठमाडौं, त्रि.वि. शिक्षा योजना तथा व्यवस्थापन विभाग ।

**बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता**

**अनुसूची -१**

**लिम्बु विद्यार्थीको कक्षाकोठा क्रियाकलापमा सहभागिता हेर्नको लागि तयार पारिएको अवलोकन फारम (रुजु सूचि)**

विद्यालयको नाम : ...................................... कक्षा : .............

ठेगाना :.................. वार्ड नं. ............

| सि. नं. | विद्यार्थी क्रियाकलाप | टिप्पणी | |
|---|---|---|---|
| | | लिम्बु विद्यार्थी | गैर लिम्बु विद्यार्थी |
| १ | कक्षामा ध्यान दिएर सुन्छ । | | |
| २ | विषयसँग सान्दर्भिक प्रश्न सोध्छ । | | |
| ३ | शिक्षकले सोधेको प्रश्नको उत्तर दिन्छ | | |
| ४ | छलफलमा सहभागी हुन्छ । | | |
| ५ | शिक्षकले दिएको अर्ति उपदेश पालना गर्छ । | | |
| ६ | कक्षा कार्य गर्छ । | | |
| ७ | गृहकार्य गरेर ल्याउँछ । | | |
| ८ | अरु विद्यार्थीसँग बस्छ । | | |
| ९ | कापीकलम लिएर स्कूल आउँछ । | | |
| १० | समयमा स्कूल आउँछ । | | |

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची-२

## शिक्षकहरूको लागि प्रश्नावली

जिल्ला : झापा

शिक्षकको नाम :.....................................................

विद्यालयको नाम : ...........................................

ठेगाना :

१. लिम्बु र गैर लिम्बु विद्यार्थीहरू बीच के-कस्ता समानता र भिन्नता पाउनु हुन्छ ?

- विद्यालय आउने बारे । ........................................................
- गृहकार्य गर्ने बारे । ...........................................................
- कापी, कलम र किताब ल्याउने बारे । .....................................
- कक्षा सहभागिता । .............................................................
- प्रश्न गर्ने उत्तर दिने । .........................................................
- साथीहरूसँग हेलमेल गर्ने सम्बन्धमा ।

..........................................................................................................

२. लिम्बु विद्यार्थीलाई सिकाईमा उत्प्रेरित गर्नको लागि कस्तो भूमिका हुनुपर्दछ ?

..........................................................................................................

३. विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा लिम्बु र गैर लिम्बु विद्यार्थीहरूको संलग्नतामा समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

..........................................................................................................

४. लिम्बु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

..........................................................................................................

५. बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरू के-के हुन् ?

..........................................................................................................

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची-३
## लिम्बु विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नाम : ..................................................

लिङ्ग : उमेर :

कक्षा : ठेगाना :

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................................

२. ती मध्ये अन्य जातका विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................................

३. तल्लो तथा उपल्लो जातका विद्यार्थी सँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................................

४. ती जातका विद्यार्थीहरूसँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................................

५. तल्लो तथा उपल्लो जातका विद्यार्थीहरूसँग खाना खान्छौ कि खाँदैनौ ?

..........................................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घर लगेका छौ ?

..........................................................................................................

७. छ भने ती जातका विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र अन्य जातका विद्यार्थीहरूलाई समान व्यवहार गरेजस्तो लाग्छ ?

..........................................................................................................

९. तिम्रो पढाई कमजोर हुनुको कारण के हो जस्तो लाग्छ ?

..........................................................................................................

प्रश्न गर्ने वा जवाफ दिने, ........................................................

साथीहरूसँग घुलमिल, ...........................................................

गृहकार्य गर्ने, ......................................................................

अतिरिक्त क्रियाकलापमा भाग लिने आदि ।

१०. तिमीलाई पठन पाठन सम्बन्धमा केही समस्या छ कि ?

...............................................................................................

**बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता**

**अनुसूची-४**

**गैरलिम्बु विद्यार्थीहरूको लागि अन्तर्वार्ता प्रश्नावली**

उत्तरदाताको नाम :  लिङ्ग :  उमेर

कक्षा :  ठेगाना

१. तिम्रो विद्यालयमा कुन कुन जातका विद्यार्थीहरू छन् ?

..........................................................................................................

२. ती मध्ये लिम्बु विद्यार्थीहरूलाई आफ्नो साथी बनाएका छौ कि छैनौ ?

..........................................................................................................

३. लिम्बु जातका विद्यार्थीसँगसँगै बस्छौ कि बस्दैनौ ?

..........................................................................................................

४. लिम्बु विद्यार्थीहरू सँग खेल्छौ कि खेल्दैनौ ?

..........................................................................................................

५. लिम्बु विद्यार्थीहरूसँग बसी खाजा खान्छौ कि खाँदैनौ ?

..........................................................................................................

६. ती विद्यार्थीहरूलाई आफ्नो घरमा लगेका छौ ?

..........................................................................................................

७. छ भने ती विद्यार्थीहरूलाई आफ्नो घरमा लैजाँदा बाबुआमाले के भन्नुहुन्छ ?

..........................................................................................................

८. तिमीहरूको विचारमा शिक्षकले तिमीहरूलाई र लिम्बु विद्यार्थीहरूलाई समान व्यवहार गरे जस्तो लाग्छ ?

..........................................................................................................

९. लिम्बु जातका विद्यार्थीहरूको पढाईको स्तर कस्तो छ जस्तो लाग्छ ?

- प्रश्न गर्ने जवाफ दिने । ............................................................
- साथीहरूसँग घुलमिल .......................................................
- गृहकार्य गर्ने । .........................................................................
- अतिरिक्त क्रियाकलापमा भाग लिने आदि । .......................................

१०. लिम्बु जातका विद्यार्थीको खास समस्या के हो जस्तो लाग्छ ?

..........................................................................................................

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची : ५
## लिम्बु अभिभावकहरूको लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्गः उमेर :

ठेगाना :

१. तपाई कुन पेशामा संलग्न हुनुहुन्छ ?

..........................................................................................................

२. तपाईको नानी बाबुहरू कति जना विद्यालय जान्छन् ?

..........................................................................................................

३. आफ्नो छोराछोरीको पढाई बारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ कि ?

..........................................................................................................

४. तपाईले आफ्नो छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

..........................................................................................................

५. विद्यालयका शिक्षकले तपाईको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् जस्तो लाग्छ ?

..........................................................................................................

६. जनजाति भएको कारणले तपाईको छोराछोरीले विद्यालयमा कुनै कठिनाई भोग्नु परेको छ कि ?

..........................................................................................................

७. लिम्बु बालबालिकाहरूको शैक्षिक अवस्था न्यन हुनुको कारण तपाईको विचारमा के हो जस्तो लाग्छ ?

..........................................................................................................

८. लिम्बु बालबालिकाहरूलाई शिक्षामा बढी भन्दा बढी शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

..........................................................................................................

९. लिम्बु जातिको शैक्षिक अवस्था सुधार्न सरकारले के गरिदिए हुन्थ्यो भन्ने लाग्छ ?

..........................................................................................................

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची-६
## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : ................................ लिङ्ग : ........

पद : अध्यक्ष उमेर : ...........

विद्यालय : ....................................... .ठेगानाः

१. तपाई वि.व्य.स.को अध्यक्ष पदमा कहिले छानिनु भयो ?

..........................................................................................................

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

..........................................................................................................

३. तपाई विद्यालयमा बेला बेलामा जाने गर्नुहुन्छ ?

..........................................................................................................

४. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये लिम्बु शिक्षकहरू पनि छन् ?

..........................................................................................................

५. लिम्बुहरूको शैक्षिक अवस्था कस्तो छ ?

..........................................................................................................

६. लिम्बुहरूलाई शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले केही कार्यक्रमहरू ल्याएको छ कि ?

..........................................................................................................

७. लिम्बुहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

..........................................................................................................

८. शिक्षक सम्बन्धी लिम्बु अभिभावकका धारणा के कस्तो पाउनु भएको छ ?

..........................................................................................................

९. लिम्बुहरूको शैक्षिक अवस्था बृद्धि गर्न सरकारबाट कस्तो कार्यक्रमको अपेक्षा गर्नुभएको छ ?

..........................................................................................................

**बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता**

**अनुसूची-७**
**प्रधानाध्यापकका लागि प्रश्नावली**

उत्तरदाताको नाम : .................................          लिङ्ग : ........

पद : प्रधानाध्यापक          उमेर : ...........

विद्यालय : .......................................          ठेगानाः

१. तपाई प्र.अ.को रुपमा कहिलेदेखि कार्यरत हुनुहुन्छ ?

...........................................................................................................

२. तपाईको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

...........................................................................................................

३. तपाई विद्यालय सेवा क्षेत्र भित्र लिम्बु जातिको बाहुल्यता कस्तो छ ?

...........................................................................................................

४. तपाईको विद्यालयमा अध्यापनरत शिक्षकहरूमध्ये लिम्बु शिक्षकहरू पनि छन् ?

...........................................................................................................

५. लिम्बुहरूको शैक्षिक अवस्था कस्तो छ ?

...........................................................................................................

६. लिम्बुहरूलाई शैक्षिक उपलब्धि बृद्धि गराउनका लागि विद्यालयले के कस्ता विधि अवलम्बन गर्नु पर्छ ?

...........................................................................................................

७. लिम्बुहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

...........................................................................................................

८. शिक्षक तथा विद्यालय सम्बन्धी लिम्बु अभिभावकका धारणा के कस्तो पाउनु भएको छ ?

...........................................................................................................

९. लिम्बुहरूको शैक्षिक अवस्था बृद्धि गर्न सरकार तथा विद्यालय व्यवस्थापन समितिबाट कस्तो कार्यक्रमको अपेक्षा गर्नुभएको छ ?

...........................................................................................................

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची : ८

## श्रोतव्यक्तिका लागि प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग :

पद : श्रोत व्यक्ति उमेर : श्रोत केन्द्र :

१. तपाई कहिले देखि श्रोत व्यक्तिमा छानिनु भयो ?

.................................................................................................................

२. श्रोत केन्द्र अन्तर्गत कति विद्यालयहरू छन् ?

.................................................................................................................

३. झापाका विद्यालयहरूको निरिक्षण भ्रमण गर्नुभएको छ ?

.................................................................................................................

४. त्यहाँको लिम्बु समुदायका र गैर लिम्ब् समुदायका विद्यार्थीहरूको शैक्षिक सहभागिता के कस्तो पाउनुभएको छ ?

.................................................................................................................

५. शैक्षिक उपलब्धि बृद्धि गर्ने केही उपाय देख्नुभएको छ कि ?

.................................................................................................................

६. लिम्बुहरूको शैक्षिक उपलब्धि बृद्धि गराउन जि.शि.का.को कुनै कार्यक्रम छ कि ?

.................................................................................................................

७. लिम्बु अभिभावकलाई यहाँको केही सुझाव र सल्लाह छ कि ?

.................................................................................................................

८. लिम्बु अभिभावकको चेतना अभिवृद्धि गर्ने केही कार्यक्रमहरू संचालन गर्नुभएको छ कि ?

.................................................................................................................

९. लिम्बुहरूको शैक्षिक उपलब्धि कमी हुनुको मूल कारण के हो जस्तो लाग्छ ?

.................................................................................................................

१०. अन्य केही सुझाव छ कि ?

...................................................................................................

**बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता**

**अनुसूची : ९**

**छनौटमा परेका सामुदायिक विद्यालयहरूको विद्यार्थी विवरण, शै.सत्र २०७४**

| क्र. सं. | विद्यालयको नाम | लिम्बु विद्यार्थी | | | गैर लिम्बु विद्यार्थी | | | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

## बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता

## अनुसूची : १०

### तालिका १ : २०७३ सालमा उत्तिर्ण विद्यार्थी संख्या र प्रतिशत

| कक्षा | विवरण | लिम्बु वि.सं. | उत्तीर्ण | | गैरलिम्बु वि.सं. | उत्तीर्ण | |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | | संख्या | प्रतिशत |
| १ | छात्र | ११ | १० | ९०.९१ | ५२ | ५२ | १०० |
| | छात्रा | ६ | ४ | ६६.६७ | २९ | २७ | ९३.११ |
| | **जम्मा** | **१७** | **१४** | **८२.३६** | **८१** | **७९** | **९७.५४** |
| २ | छात्र | ९ | ८ | ८८.८९ | ३६ | ३६ | १०० |
| | छात्रा | ३ | ३ | १०० | ३९ | ३७ | ९४.८८ |
| | **जम्मा** | **१२** | **११** | **९१.६७** | **७५** | **७३** | **९७.३४** |
| ३ | छात्र | १२ | ११ | ९१.६७ | ४९ | ४७ | ९५.९२ |
| | छात्रा | ५ | ४ | ८०.० | ३३ | ३२ | ९६.९७ |
| | **जम्मा** | **१७** | **१५** | **८८.२४** | **८२** | **७९** | **९६.३५** |
| ४ | छात्र | ८ | ७ | ८७.५ | ३७ | ३७ | १०० |
| | छात्रा | ७ | ६ | ८५.७२ | ४५ | ४३ | ९५.५६ |
| | **जम्मा** | **१५** | **१३** | **८६.६७** | **८२** | **८०** | **९७.५७** |
| ५ | छात्र | ९ | ९ | १०० | ३४ | ३४ | १०० |
| | छात्रा | ७ | ७ | १०० | ३९ | ३९ | १०० |
| | **जम्मा** | **१६** | **१६** | **१००** | **७३** | **७३** | **१००** |
| जम्मा | छात्र | ४९ | ४५ | ९१.८४ | २०८ | २०६ | ९९.०४ |
| | छात्रा | २८ | २४ | ८५.७२ | १८५ | १७८ | ९६.२२ |
| | **जम्मा** | **७७** | **६९** | **८९.६३** | **३९३** | **३८४** | **९७.७१** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

**बालबालिकाको प्राथमिक शिक्षामा सहभागिता**

**अनुसूची : ११**

**तालिका ४ लिम्बु विद्यार्थीहरूका शैक्षिक उपलब्धी बृद्धि गर्ने उपायहरू**

| क्र. सं. | विवरण | प्र.अ. (३) | शिक्षक (३) | वि.व्य.स. अध्यक्ष (३) | अभिभावक (६) | विद्यार्थी (३०) | स्रोत व्यक्ति (१) |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक सहुलियत | २ (६६.६७%) | २ (६६.६७%) | २ (६६.६७%) | ५ (८३.३४%) | २२ (७३.३४%) | - |
| २ | निःशुल्क शिक्षा प्रदान | - | - | १ (३३.३४%) | ३ (५०%) | १६ (५३.३४%) | - |
| ३ | रोजगारमूलक शिक्षा | १ (३३.३४%) | १ (३३.३४%) | २ (६६.६७%) | ३ (५०%) | ६ (२०%) | १ (१००%) |
| ४ | मातृभाषामा शिक्षा | - | १ (३३.३४%) | - | १ (१६.६७%) | ३ (१०%) | - |
| ५ | जातीय भेदभावको अन्त्य | - | - | - | १ (१६.६७%) | १ (३.३४%) | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३